का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १४६
- १६ साउन २०७७, शुक्रबार
- 31 July 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily राष्ट्रिय दैनिक

**अपडेट: विहीबार साँझसम्म**

| नेपालमा | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| | १९५४७ जना | १४२४८ जना | ३६४६४८ | ५२४७ | ५२ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| विश्वभर | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| | १ करोड ७२ लाख ७२ हजार | १ करोड ७ लाख ८५ हजार | ६ लाख ७१ हजार | ५८ लाख १५ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

## डुवानको दु:ख



*दुई दिनदेखिको अविरल वर्षाका कारण डुबानमा परेको धनगढी उपमहानगरपालिका-३ विशालनगर।*
*-तस्वीरः मीन ठकुरी, रासस*

धनगढी/रासस- मंगलबारदेखिको वर्षा नरोकिपछि कैलालीको धनगढी उपमहानगरपालिकाका विभिन्न क्षेत्र जलमग्न हुनुका साथै दर्जनौं बढी घर डुबानमा परेका छन् । धनगढीको मालिका टोल, शिवनगर, कृष्णनगर, विशालनगर, मिलनचोक, उत्तरबेहडी, पुरानो भन्सार गाउँको दक्षिण पट्टीको बस्तीलगायतका अधिकांश घर तथा पसलभित्र पानी पसेर स्थानीयवासीको जनजीवनसमेत प्रभावित बनेको छ ।

धनगढी- २ मालिका टोलकी स्थानीय पार्वतीदेवी भट्टले घरभित्र पानी पसेर बस्न समस्या भएपछि छिमेकीको घरमा राति बास बस्नुपर्ने बाध्यता सुनाए । "सडक र नाली पूरै भरिएर घर डुबानमा परेको छ", भट्टले भने, "घरभित्र दुई फिटजति पानी जम्मा भएर खाद्यान्न, लुगाकपडा भिजेका छन् भने खाना पकाउन समस्या भएको छ ।"

पुराना वर्षौंदेखि पानीको निकासा हुने गरेका खोल्सा, कुलेशालगायतका भू-भाग अतिक्रमण गरेर बनाइएका घर तथा पूर्वाधार निर्माण हुनेक्रम बढेसँगै पानीको निकास हुने बाटो रोकिएकाले पनि हरेक वर्ष यहाँका बस्ती डुबानको चपेटामा पर्ने गरेका छन् ।

पानी निकास हुने नालाको व्यवस्थापन नभई सडक कालोपत्र हुने गरेका कारण पनि बस्ती डुबानमा पर्ने गरेको धनगढीको विशालनगरका भोजराज जोशीको भनाइ छ । उनले विशालनगर वर्षौंदेखि डुबान हुँदै आइरहेको क्षेत्र भएकाले डुबानको मुक्तिबाट सुरक्षित रहन सर्वप्रथम पानी निकास हुने नाला, ढलको उचित व्यवस्थापन हुन बाँकी पृष्ठ २ मा

### असन्तुष्टको आरोप

# कामचलाउ सभापति अत्यन्तै सीमित काम

**■विभागहरुमा बिस्तार गर्ने निर्णय खारेज गर्न माग ■सभापति देउवालाई लिखित असन्तुष्टि**

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसभित्रको अन्तर कलह चुलिएर गएको छ। बिहीबार केन्द्रीय कार्यालय सानेपामा बरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले सभापति देउवालाई भेटेर पछिल्लो समय बिस्तार भएको विभागहरू नमान्ने चेतावनी नै दिएको छ ।

> पार्टीमा दशकौंदेखि रगत पसिना भिजाएका साथीहरूलाई बहिष्कृत गराउने वा मनोवल गिराउने, पार्टी जीवन तहसनहस वा तेजोबध गर्ने अन्यायपूर्ण काम किमार्थ हुनुहुँदैन ।
>
> ■**रामचन्द्र पौडेल**, वरिष्ठ नेता, नेपाली कांग्रेस



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ साउन ।

विपक्षी दल नेपाली काँग्रेसको आन्तरिक कलह चुलिएको छ। बरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले सभापति शेरबहादुर देउवालाई केन्द्रीय मूख्यालय सानेपामा भेटेर बिहीबार कडा चेतावनी दिएको छ । नेता पौडेल र महामन्त्री शशांक कोइरालाले लिखित असन्तुष्टि पत्र बुझाउँदै पछिल्ला निर्णयहरु खारेज गर्न माग गरेको छ भने ती निर्णय आफूहरुले अस्वीकार गर्ने चेतावनी दिएका छन् ।

महाधिवेशनको चटारो लागिसकेको काँग्रेसमा शक्ति संघर्षकै क्रममा कलह समेत बढेर गएको छ । सभापति देउवा पक्षले पार्टीको विधान बिपरीत महाधिवेशन बिथोल्नेगरी निर्णयहरु लिएको आरोप लगाएको छ । असन्तुष्ट पक्षले पार्टी निकायहरुको समायोजन, क्रियाशील सदस्यता वितरण, विधान विपरीत विभागहरुको गठन, भातृ तथा शुभेच्छुक संस्थाहरुको गतिविधि सञ्चालनले महाधिवेशन निष्पक्ष हुनेमा अविश्वास पैदा भएको उल्लेख गरेको छ । चार पेज लामो असन्तुष्टिपत्र बुझाएको पौडेल पक्षले सभापति देउवालाई कामचलाउको संज्ञा दिएको छ। कामचलाउ सभापतिले गर्ने काम पनि अत्यन्तै सीमित हुने भन्दै पौडेल पक्षले पछिल्ला निर्णयहरु खारेज गर्न माग गरेको छ ।

१३औं महाधिवेशन सकिएको ६ महिनाभित्र गठन गरिसक्नुपर्ने विभागहरु १४औं महाधिवेशन घोषणा भइसकेपछि बिस्तार गरिनुलाई महाधिबेशन बिथोल्ने प्रयासका रुपमा यो समूहले अर्थ्याएको छ। गत वर्षको पुसमा सम्पन्न महासमिति बैठकले गरेको निर्णय बिपरीत २८ बाट बढाएर ४८ बनाउनु अनि पद र प्रलोभन बाँडेर विधान र पार्टीको निर्वाचन आचार संहिता विपरीत काम भएको यो समूहको ठहर छ । कार्यकाल सकिएपछि कुत्सित मनसाय राखेर यी सबै काम भएकाले यस्ता कार्य तत्काल बन्द गर्ने र भएका निर्णय खारेज गर्न आग्रह गरेको छ। पूर्व पार्टी सभापति सुशिल कोइरालाले तेस्रो वर्षमा गरेको विभाग गठन देउवाकै विरोधमा खारेज भएको पनि यो समूहले संस्मरण गराएको छ ।

हालै गठन भएका विभागलाई अस्वीकार गर्ने र सहयोग नगर्ने चेतावनी देउवालाई दिइएको छ। "जुन तहका नेता प्रवेश गर्छु सोही तहको कमिटीले सिफारिस गर्ने र केन्द्रीय कार्य समितिको बैठकले निर्णय बाँकी पृष्ठ २ मा



# एक महिनामा पाँच हजारले लिए पुन: श्रम स्वीकृति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ साउन

सरकारले घर विदामा आएका कामदारलाई वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति दिन शुरु गरेको करिब एक महिनाको अवधिमा झण्डै ५ हजार कामदारले पुनः श्रम स्वीकृति पाएका छन् । वैदेशिक रोजगार कार्यालय ताहाचलले करिब एक महिनाको अवधिमा ४ हजार ७ सय ३८ जना युवायुवतीलाई वैदेशिक रोजगारीमा जाने पुनः श्रम स्वीकृति दिइएको जनाएको छ।

गत फागुन ३० गतेदेखि कोभिड-१९ महामारीका कारण बन्द रहेको वैदेशिक रोजगारी असार १५ गते बसेको मन्त्रिपरिषद् बैठकले खुला गर्ने निर्णय गरेपछि वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार कार्यालयले असार १८ गतेदेखि विदामा स्वदेश आई करार अवधि बाँकी भएका कामदारहरुलाई रोजगारीमा जान पुनः श्रम स्वीकृति दिन शुरु गरेको हो ।

असार महिनाको १३ दिनमा २ सय ५१ महिलासहित २ हजार ६ सय ६७ जना कामदारले पुनः श्रम स्वीकृति लिएका छन् भने साउन महिनाको १५ दिनमा ९२ जना महिलासहित २ हजार ७१ जना कामदारले श्रम स्वीकृति लिएका छन् । नयाँ श्रम स्वीकृति भने आगामी भदौ शुरु देखि नै खुल्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय स्रोतले बताएको छ ।

पुनः श्रम स्वकिृति लिएर जाने मुलुकहरुमा यसअघि संस्थागत श्रम स्वीकृति लिएर जाने मुलुकहरुमध्ये कै युएई, कतार, मलेसिया, कुवेत, साउदी अरेबिया, बहराइन, जापान, माल्टालगायतका देश रहेका छन् ।



साउन महिनामा यूएईका लागि ७० महिलासहित ८ सय ६९ जना, कतारका लागि ४ महिलासहित ५ सय ९३ जना, अफगानिस्तानका लागि ६ जना, मलेसियाका लागि एक जना महिलासहति २ सय ६७ जना, जापानका लागि ३७ जना, बहराइनका लागि ३६ जना, ब्रुनाईका लागि ३ जना, मकाउका लागि ११ जना, माल्दिभ्सका लागि ९ जना, माल्टाका लागि ७ जना, ओमानका लागि ४१ जना, पोल्याण्डका लागि १६ जना र सिलेल्सका लागि २ जनाले पुनः श्रम स्वीकृति लिएका छन् ।

यसबीचमा रुस, नाइजेरिया, जोर्डन, इजिप्ट, डीजीबौटी, बर्मुडा, क्याम्बोडिया, चीन, क्रोएसिया, चेक गणतन्त्रका लागि एक/एक जनाले श्रम स्वीकृति लिएका छन्। उनीहरुले आफ्नै खर्चले कोभिड परीक्षण गराई श्रम स्वीकृतिका लागि आवेदन गर्दा कोभिड-१९ नेगेटिभ रहेको प्रमाणपत्र पेश गर्नुपर्ने गरिएको छ ।

सरकारले साउन ३२ गतेसम्म व्यवसायिक अन्तर्राष्ट्रिय उडान बन्द गरेको छ । श्रम स्वीकृति पाउने कामदार विदेशमा अलपत्र परेका नेपाली लिन जाने वा उनीहरुलाई छोड्न नेपाल आउने चार्टर जहाजमा अनपेक्षित महँगो भाडा तिरेर जाने गरेका छन् ।

**वैदेशिक रोजगार विशेष**

## ताहाचलबाट बस्नेतको विदाई

**काठमाडौं/मस-** वैदेशिक रोजगार कार्यालय काठमाडौं ताहाचलबाट सरुवा भएका कार्यालय प्रमुख उमेश बस्नेतको विदाई गरिएको छ। अघिल्लो हप्ता भएको २६ जना सहसचिवको सरुवामा उनी पनि परेका हुन् । बिहीबार उक्त कार्यालयका कर्मचारीले सहसचिव बस्नेतको विदाई गरे ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बढुवा भएका नयाँ १० जना सहसचिवहरुको पदस्थापन र अन्य १६ जना गरी २६ जना सहसचिवहरुको एकैसाथ सरुवा गरेको थियो । उक्त सरुवामा काठमाडौं कार्यालयका प्रमुख बस्नेत गृह मन्त्रालयमा सरुवा भएर गएका हुन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा दुई नयाँ सहसचिव सरुवा भएका छन् ।

नयाँ आउनेहरुमा राष्ट्रिय सूचना आयोग, काठमाडौंका सहसचिव बिनु बज्राचार्य कुँवर र हेटौंडा उपमहानगरपालिका, मकवानपुरका सहसविचव राजेश पौडेल छन् ।

# मध्य शहरमा संक्रमण

## २७४ जना संक्रमित थपिए, २२७ डिस्चार्ज

राजधानी उपत्यका प्रवेश गर्ने नाकाहरू र मध्ये शहरहरूमा गरिएको स्वाब संकलनमा कोरोना संक्रमित भेटिएका छन् । बिहीबार मात्रै उपत्यकामा ४५ जनामा संक्रमित पुष्टि भएको छ भने थप तीन जनाको मृत्यु भएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ साउन ।

लकडाउन खुलेको साता दिन बित्दा राजधानी उपत्यकामा संक्रमित बढेर गएको छ। बिहीबार मात्रै राजधानी उपत्यकामा ४५ जनामा संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, काठमाडौंमा ४१ तथा भक्तपुर र ललितपुरमा दुई/दुई जना गरी ४५ जनामा संक्रमण देखिएको हो ।

यस्तै, राजधानी प्रवेश गर्नेहरुमा पनि संक्रमण पुष्टि भएको छ । नागढुंगा, फर्पिङ र साँगा नाकामा संकलन गरिएको स्वाब परीक्षण गर्दा कोरोना पुष्टि भएको हो । यी नाकाहरुमा तीन हजार ४७३ जनाको स्वाब संकलन गरिएकोमा २४ जनामा संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलाजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) ले राजधानी उपत्यकाको मुख्य शहरहरुमै संक्रमित भेटिएको जनाएको छ । शाखाका अनुसार बानेश्वर, अनामनगर, जोरपाटी, दक्षिणकाली, वनस्थली, महाराजगञ्ज, कीर्तिपुरमा संक्रमित भेटिएका हुन् । ललितपुरको कुपण्डोलमा पनि संक्रमित भेटिएका छन् । अन्य बाँकी ठाउँका संक्रमितहरुको विवरणहरु आउन बाँकी छ ।



*वीरगञ्ज महानगरपालिका- ११ श्रीपुरस्थित राष्ट्रिय विद्यापिठ उच्च माविको परिसरमा बिहीबार स्थानीयवासीको स्वाब संकलन गरिँदै । तस्वीर : विजयकुमार महतो, रासस*

बिहीबार मात्रै देशभरिका विभिन्न प्रयोगशालामा छ हजार ३०४ जनाको नमूना परीक्षण गर्दा २७४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । यो सँगै संक्रमितको संख्या १९ हजार ५४७ पुगेको छ । नेपालमा हालसम्म पीसीआर विधिबाट तीन लाख बाँकी पृष्ठ २ मा

# खोटाङमा जवरजस्ती करणीका मुद्दा दर बढ्दो

**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, १५ साउन



खोटाङमा जवरजस्ती करणीका मुद्दा दर बढ्दो क्रमांक रहेको पाइएको छ । विगत पाँच वर्षको तथ्यांकले खोटाङमा जवरजस्ती करणीका मुद्दा दर बढ्दो रहेको पाइएको हो । मंगलबार पत्रकार हरुसँगको अन्तरक्रिया कार्यक्रम गरि जवरजस्ती करणी मुद्दाका बिषय सार्वजनिक गरिएको थियो ।

जिल्लामा आर्थिक वर्ष २०७२/०७३ मा जवरजस्ती करणीका १० वटा मुद्दा दर्ता भएकामा आर्थिक वर्ष २०७६र०७७ मा ३१ वटा मुद्दा दर्ता भएको जिल्ला अदालत खोटाङले जनाएको छ। जिल्ला अदालत खोटाङका श्रेस्तेदार रामाकान्त यादवका अनुसार आर्थिक वर्ष २०७२/०७३ मा १० वटा, आर्थिक वर्ष २०७३/०७४ मा २१ वटा, आर्थिक वर्ष २०७४/०७५ मा १९ वटा, आर्थिक वर्ष २०७५/०७६ मा ३८ वटा र आर्थिक वर्ष २०७६/०७७ मा ३१ वटा जवर जस्ती करणीका मुद्दा परेको छ ।

जिल्लामा सम्वन्ध बिच्छेदको संख्या पनि बढ्दो रहेको पाइएको छ । आर्थिक वर्ष २०७२/०७३ मा ३९ वटा, आर्थिक वर्ष २०७३/०७४ मा ५६ वटा, आर्थिक वर्ष २०७४/०७५ मा ७० वटा, आर्थिक वर्ष २०७५/०७६ मा ६८ वटा र आर्थिक वर्ष २०७६/०७७ मा ७० वटा सम्वन्ध बिच्छेदका मुद्दा दर्ता भएको अदालतले जनाएको छ ।

यसैगरी आर्थिक बर्ष २०७२/०७३ मा कर्तव्य ज्यानका ९ वटा मुद्दा दर्ता भएकामा आर्थिक वर्ष २०७६/०७७ मा १३ वटा दर्ता भएको छ । पाँच वर्षअघि ज्यान मार्ने उद्योगमा १२ वटा मुद्दा दर्ता भएको र आर्थिक वर्ष २०७६/०७७ मा १८ वटा मुद्दा दर्ता भएको स्रेतेदार यादवले बताए ।

जिल्ला अदालत खोटाङले आर्थिक वर्ष २०७६/०७७ मा साढे १७ लाखभन्दा बढी कैद जरिवाना असुल गरेको छ । विभिन्न मुद्दामा जिल्ला अदालत खोटाङबाट कैद तथा जरिवाना तोकिए पनि फरार रहेका तथा भगौडाबाट १ करोड ४९ लाख ६३ हजार ९४१ रुपैयाँ ३६ पैसा जरिवाना असुल हुन बाँकी रहेकोमा १७ लाख ५६ हजार १३६ रुपैयाँ ९१ पैसा जरिवाना फछ्र्योट भएको हो । साथै १ करोड ३२ लाख ७ हजार ८ सय ४ रुपैयाँ ४५ पैसा जरिवाना फछ्र्योट बाँकी रहेको स्रेस्तेदार यादवले जानकारी दिए । धेरै जसो आरोपीहरु हालसम्म फरार रहेका साथै उनीहरु बेपत्ता भएका कारण लामो समयसम्म जरिवाना असुल हुन नसकेको अदालतले जनाएको छ ।

जिल्ला अदालत खोटाङले विभिन्न दोषीबाट २ सय ३७ वर्ष ११ महिना २६ दिन कैद भुक्तान गरेको छ । कतिपय मुद्दाको किनारा नलाग्दै तथा कतिपय मुद्दाको किनारा लागेपछि हालसम्म फरार रहेका दोषीबाट फछ्र्योट हुन बाँकी रहेको ९ सय ३३ वर्ष १ महिना ८ दिन कैदमध्ये अझै पनि ६ सय ९५ वर्ष १ महिना ८ दिन फछ्र्योट हुन बाँकी रहेको स्रेतेतार यादवले बताए । कतिपय फरार वा भगौडाहरुको मृत्यु भइसके पनि तथ्यांक अद्यावधिक नहुँदा कैद भुक्तानीको वर्ष बढि देखिएको अदालतले अनुमान गरेको छ । फरार तथा भगौडाको मृत्यु भइसकेको अवस्थामा कैद भुक्तान स्वतः घट्ने कानूनी प्रावधान छ ।

कोरोना भाइरस कोभिड-१९ का कारण जनताका मौलिक हक अधिकार सुनिश्चित गर्दै अत्यावश्यक कामका लागि मात्र खोटाङ जिल्ला अदालत खुला गरिएको थियो ।

साउन ७ गतेबाट लकडाउन खुले पश्चात् जिल्ला अदालत खोटाङमा दर्ता भएका मुद्दा र सेवाग्राहीहरुमा जिल्ला भित्रका सेवाग्राही आगामी एक महिनाभित्र साथै जिल्ला बाहिर रहेका सेवाग्राहीलाई आगामी भदौ १ गतेबाट सार्वजनिक यातायात सञ्चालन भएपछि वा आफुसँग रहेको निजी सवारी साधन भएमा १५ दिनभित्र वा सार्वजनिक यातायात नचलेमा १ महिना भित्र कोभिड-१९ लाई मध्यनजर गर्दै सामाजिक दुरी कायम राखी कार्यालयमा उपस्थित हुन अदालतले आग्रह गरेको छ ।

# वर्तमान सरकारलाई नै पाँच वर्ष निरन्तरता दिनुपर्छ : उद्योगमन्त्री भट्ट



**काठमाडौं/मस–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले केपी शर्मा ओलीलाई प्रधानमन्त्री र पार्टी अध्यक्ष दुवै पदबाट हटाउन नहुने स्पष्ट पारेका छन् । बिहीबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै मन्त्री भट्टले भने,'केपी ओली नै पाँच वर्षको प्रधानमन्त्री हो, पार्टीले सरकारलाई सहयोग गर्छ । पार्टी भनेको सबै हो । अहिले प्रधानमन्त्री ओलीको विकल्प म देख्दिन ।' ओली नेतृत्वको वर्तमान सरकारलाई पाँच वर्ष नै निरन्तरता दिएर इतिहास रच्नुपर्ने र अस्थिरताको 'ब्रेक-थ्रु' हुनुपर्ने बताए । उनले पार्टीभित्र अहिले देखिएको बहस, छलफल र वादविवाद अन्ततः सहमतिमै सबै कुरा हल हुने पनि विश्वास दिलाए ।

उनले भने,'सबै एकै ठाउँमा आउनुहुन्छ । र, सहमति हुन्छ । सहमतिको विकल्प छैन् ।' आफ्नो पार्टीका नेताहरूको कल्चर नै निकै बहस, छलफल गर्ने र निश्कर्षमा सहमतिबाटै परीणाम निकाल्ने रहेकोले अहिलेपनि सहमति हुने उनको दाबी छ ।

वर्तमान सरकारले गरेका राम्रा काम र यसका उपलब्धिहरु जनतासमक्ष लगिने पनि उनले जनाए । एकता महाधिवेशनसम्म दुवै अध्यक्ष अनिवार्य निरन्तर रहने र पहिलो महाधिवेशनपनि सहमतिकै आधारमा सम्पन्न गरिने उनको विश्वास छ ।

मन्त्री भट्टले पछिल्लो समय तरकारीमा महंगी बढ्नुमा बाढि/पहिरोले गर्दा बाटो/सडक अवरोध हुनु नै मुख्य कारण रहेको सुनाए ।

## वीरगञ्जमा कोरोना संक्रमणको त्रास

# चिकित्सकसहितको विज्ञ टोली पठाउन माग

**वीरेन्द्र कर्ण/रासस**
वीरगञ्ज, १५ साउन

पर्सामा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि यहाँका समाजसेवी तथा राजनीति दलका प्रतिनिधिले चिकित्सकसहितको विज्ञ टोली तत्काल वीरगञ्ज पठाउन माग गरेका छन् । जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या दिनानुदिन अत्यधिक बढ्दै गइरहेकामा गम्भीर चिन्ता व्यक्त गर्दै उनीहरुले विज्ञ टोलीमार्फत सङ्क्रमण नियन्त्रण र सङ्क्रमितको व्यवस्थापन गरी दिन सङ्घीय सरकारको स्वास्थ्य मन्त्रालयसँग आग्रह गरेका छन् । पर्सा र बारामा बुधबार मात्रै चिकित्सक, स्वास्थ्यकर्मी, नेपाली सेनालगायत ५३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो ।

बिहीबार बसेको जिल्लाका प्रमुख राजनीतिक दल नेपाली काँग्रेस, जनता समाजवादी पार्टी र नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्षलगायत प्रदेश सांसद, वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष र सामाजिक अभियन्तासहितको सर्वपक्षीय बैठकले पाँच बुँदे निर्णय गर्दै यस्तो माग गरेको छ । निर्णयको पहिलो बुँदामै कोरोना महामारी नियन्त्रण गर्नका लागि विज्ञ टोली वीरगञ्ज पठाउन माग गरिएको जसपाका युवा नेता ओमप्रकाश सर्राफले बताए ।

वीरगञ्जमा कोरोना सङ्क्रमितको सङ्ख्या दिनहुँ बढ्दै गएपछि अहिले १०० भन्दाबढी सङ्क्रमित घरकै आइसोलेशनमा रहेका छन् । पचास श्ययाको कोरोना विशेष अस्थायी अस्पताल गण्डकमा ६० जनाभन्दा बढी सङ्क्रमितलाई राखिएको छ । लक्षणसहितका सङ्क्रमित बढी देखिएकाले अवस्था जटिल बन्दै गएको जनस्वास्थ्य विज्ञ बताउँछन् ।

बैठकले अरु पनि निजी अस्पताललाई लिएर कोभिड अस्पताल बनाउन सङ्घीय सरकारसँग माग गरेको छ । बैठकले नारायणी अस्पतालको बन्द रहेको सेवालाई सुरक्षा अपनाएर सञ्चालन गर्नुपर्ने, वीरगञ्जमा विद्युतीय शवदाह गृह स्थापना गर्न पहल गर्ने निर्णय पनि गरेको छ । कोरोना सङ्क्रमणबाट मृत्यु भएकाको शवदाहमा समस्या देखिएकाले शवदाहमा कसैले विरोध नगरिदिन बैठकले सबैमा अनुरोध गरेको छ ।

### वीरगञ्ज कारागार सिल

वीरगञ्ज कारागारमा एक महिलासहित आठ जनामा कोरोना सङ्क्रमण भेटिएपछि कारागार सिल गरिएको कारागार प्रमुख (जेलर) श्रवणकुमार पोखरेलले बताउनुभयो । सङ्क्रमित कैदीबन्दीलाई कारागारको हाताभित्र स्थापना गरिएको आइसोलेशन कक्ष (उपचार केन्द्र) मा तथा कर्मचारीलाई समता स्कुलमा स्थापना गरिएको आइसोलेशन कक्षमा उपचार भइरहेको छ ।

एक जना महिला कैदीबन्दीलाई उनकै कोठामा आइसोलेशन बनाएर उपचार भइरहेको जनाइएको छ । अहिले कारागारभित्र प्रशासनिक काम बाहेक सबै काम बन्द रहेको छ । कारागारभित्र कोरोनाको उच्च जोखिम बढेपछि कैदीबन्दीहरुको सम्पर्कमा आएको उनका आफन्तको स्वाब परीक्षण गर्न उनीहरुको खोजी भइरहेको कारागार प्रशासनले जनाएको छ ।

हाल कारागारमा महिला पुरुष तथा आश्रित बालबालिका गरी एक हजार २१४ कैदीबन्दी छन् । ती कैदीबन्दीलाई अहिले अदालतमा उपस्थित गराउने काम बन्द रहेको जनाइएको छ । कारागारमा सबैभन्दा बढी भारतीय कैदीबन्दी भएकाले भारतीय कैदीबन्दीलाई भेट्न आउँदा कोरोना सङ्क्रमण सर्न सक्ने आशङ्का कारागार प्रशासनले गरेको छ ।

कारागारमा भारतीय कैदीबन्दी बढी रहेको र भारततर्फ कोरोना सङ्क्रमण बढी देखिएकाले कारागार अहिले कोभिड-१९ को उच्च जोखिममा रहेको छ । यसलाई दृष्टिगत गरेर कैदीबन्दीको आफन्तले ल्याउने कोसेली कारागारका कर्मचारीले पुऱ्याउने काम बन्द गरिएको छ । कारागारमा कोरोना सङ्क्रमित भेटिएपछि अन्य कैदीबन्दीलाई सङ्क्रमण नपरोस् भनेर कारागार प्रशासनले कारागार सिल तथा भेटघाट बन्द गरिएको छ ।

# महासंघको ध्यानाकर्षण



**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले समाचार संकलनका क्रममा अनलाइन खवर डटकमका सहसम्पादक विश्वासकुमार खड्काथोकीमाथि भएको दुर्व्यवहारको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

कोभिड-१९ को विषयमा सरकारले जनताको स्वास्थ्यमाथि खेलबाट गरेको विरोधमा काठमाडौंको बसन्तपुरमा अनसनरतहरुको सन्दर्भमा साउन १३ गते समाचार संकलन गर्ने क्रममा 'इनफ इज इनफ' आन्दोलनका एक अभियन्ताले पत्रकार खड्काथोकीमाथि दुर्व्यवहार गरेका थिए ।

महासचिव रमेश विष्टले बिहीबार एक विज्ञप्ति जारी गर्दै स्वतन्त्ररुपमा पेशागत धर्म निर्वाह गर्ने पत्रकारमाथि कुनै पनि पक्षबाट दुर्व्यवहार हुनु निन्दनीय हुनुका साथै प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भएको जनाएका छन् । महासंघ प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न, पत्रकारलाई स्वतन्त्र र निर्वाध काम गर्ने वातावरण बनाउन तथा यस्ता घटना नदोहोऱ्याउन सम्बन्धित निकायसँग महासंघले माग समेत गरेको छ ।

# प्रहरी सहायक निरीक्षकविरुद्ध आरोपत्र दायर



काठमाडौं/मस-अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस लिएको अभियोगमा प्रहरी चौकी गौरीशंकर सर्लाहीका प्रहरी सहायक निरीक्षकविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

भारतीय नम्बरको मोटरसाइकल नियन्त्रणमा लिइ छुटाइदिने भन्दै प्रहरी सहायक निरीक्षकले रामविश्वास राय यादवले एक सेवाग्राहीसँग पाँच हजार घुस मागेको आरोप लागेको छ ।

प्रसनी निरीक्षक यादवले जाँचका क्रममा नियन्त्रणमा लिएको मोटरसाइकल छुटाउने भए 'पाँच हजार देऊ' भन्दै सेवाग्राहीसँग घुस मागेका थिए । आयोगका प्रवक्ता तारानाथ अधिकारीका बिगोबमोजिमको कारवाहीको माग गर्दै बिहीबार मुद्दा दायर गरिएको हो ।

# बाढी तथा डुवानमा परेकाहरुको उद्धार



**काठमाडौं/मस–** कैलाली जिल्लाको टीकापुर नगरपालिका वडा नम्बर ७ बैदी र वडा नम्बर ९ खक्रौला स्थित मोहना नदीमा आएको बाढीले सो स्थानमा रहेका करीव तीन सय ३० घरभित्र पानी पसेर डुबानमा परेकाहरुको एपीएफ टोलीले उद्धार गरेको छ । सो ठाउँमा घरहरु डुबानमा परेको भन्ने जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट खक्रौलाबाट एपीएफ टोली खटिई गई उद्धार कार्यमा सकृयताका साथ जुटेको थियो ।

सो डुबानमा परेका ५५ जना मानीस, ३७ वटा चौपाया तथा ती घरमा रहेका सरसामानहरु सुरक्षित स्थानमा सारिएको छ । यसैगरी कैलाली जिल्लाको भजनी नगरपालिका ८ स्थित सोनाफाँटा ईलाकामा साउन १४ गते गौरीखोलाको पानी बस्तीमा पसेर डुवानमा परेपछि सो ठाउँमा फसेका दुई जनाको एपीएफ टोली र स्थानीय प्रहरीले जिवितै उद्धार गरेको छ ।

सो ठाउँ डुवानमा परेको भन्ने जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट भजनीबाट खटिएको एपीएफ टोली र स्थानीय प्रहरी उनीहरुको उद्धार कार्यमा खटिएको थियो ।

सो डुवानमा परेर सोही ठाउँ बस्ने ईश्वर शाह, चन्द्र वि.क. र ११ वर्षीय स्केल चौधरी बेपत्ता भएको बताइएको छ ।

**लागूऔषधसहित**

मोरङको रतुवामाई नगरपालिका २ डोरीयास्थित सीमा ईलाकाबाट एपीएफ टोलीले लागूऔषधसहित तीन जनालाई पक्राउ गरेको छ ।

को २ ह २८७३ नम्बरको ट्याम्पुमा आउँदै गरेका उनीहरुलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट डोरीयाबाट खटिएको एपीएफ टोलीले जाँच गर्दा उनीहरुको साथमा नाईट्रोभेट ८ पत्ता र स्पास्मो ट्याब्लेट ३ पत्ता फेला परेपछि उनीहरुलाई पक्राउ गरिएको हो । पक्राउ पर्नेहरुमा सोही जिल्लाको उर्लाबारी नगरपालिका ४ बस्ने २९ वर्षीय सुरज बि.क., सोही नगरपालिका ५ बस्ने २८ वर्षीय विवश लामा र उक्त ट्याम्पुका चालक सोही जिल्लाकै धनपाल गाउँपालिका ३ बस्ने ३८ वर्षीय सुवर्ण राम छन् । एपीएफ टोलीले त्यसबेला उक्त ट्याम्पु समेत बरामद गरेको छ । पक्राउ परेकाहरुलाई बरामद लागूऔषध तथा ट्याम्पुसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाइएको सशस्त्र प्रहरी नायव उपरीक्षक अजय छतकुलीले जानकारी दिए ।

# नहरमा डुबेर एक जनाको मृत्यु

**अर्जुन विष्ट/मध्यान्ह**
रुकुम पश्चिम, १५ साउन

रुकुम पश्चिममा नहरमा डुबेर एक जनाको मृत्यु भएको छ । जिल्लाको बाँफिकोट गाउँपालिका वडा नम्बर १ पालाकोट लागिमकी स्थानीय १७ वर्षीया कल्पना विकको नम्बरमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

घरबाट करिब २ सय मिटर दक्षिणमा रहेको नवभिजन साना जलविद्युतको नहरमा चिप्लिएर कल्पनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले मध्यान्हलाई जानकारी दिएको छ । नहरमा डुबेर मृत अवस्थामा रहेको कल्पनाको शव उक्त नहरको इन्टेकमा अड्किएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

# रातको समयमा काठमाडौं प्रवेशमा रोक

**काठमाडौं/मस–** गृह मन्त्रालयले रातको समयमा काठमाडौं प्रवेशमा रोक लगाएको छ । मन्त्रालयले १५ साउनबाटै लागू हुने गरी साँझ ७ बजेदेखि बिहान ७ बजेसम्म उपत्यका प्रवेशनाकामा यात्र आवागमनमा रोक लगाएको हो ।

उपत्यका प्रवेश गर्ने नाकामा परीक्षण गर्दा ठूलो संख्यामा कोरोना पोजेटिभ देखिएको भन्दै मन्त्रालयले प्रवेशमा रोक लगाइएको गृहमन्त्रालयले जनाएको छ ।

नाकाहरुमा पूर्ण निगरानीका साथ चेकजाँचको आवश्यकता परेको भन्दै गृहले अर्को सूचना जारी नभएसम्म अत्यावश्यक सेवा र ढुवानीका साधन बाहेक अन्य सवारी प्रवेशमा रोक लगाएको मन्त्रालयका सह-प्रवक्ता उमाकान्त अधिकारीले जानकारी दिएका छन् ।

दिउँसोको समयमा भने सवारी पास लिएका मानिस आवत-जावत गर्न सकिनेछ । 'साँझ ७ बजेदेखी बिहान ७ बजेसम्म काठमाडौं उपत्यका प्रवेशमा पूर्ण रुपमा बन्द गर्न गरिएको छ' सह-प्रवक्ता अधिकारीले भने-'दिउँसो चाहिँ पास लिएका यात्रु आउन जान पाउँछन् ।'

उपत्यका बाहिरका जिल्ला प्रशासन कार्यालयहरुले पनि अत्यावश्यक काममा बाहेक अन्तर जिल्ला सवारी आवागमन पास जारी नगर्न र पास बिना आवागमन पूर्ण रुपमा बन्द गर्न मन्त्रालयले निर्देशन दिएको छ । निर्णय कार्यान्वयन गर्न सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयलाई गृहले 'विशेष निर्देशन' दिएको छ ।

२४ जनामा कोरोना संक्रमण

काठमाडौं प्रवेश गर्ने नाकामा संकलन गरिएको स्वाब परीक्षण गर्दा २४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नागढुंगा, फर्पिङ र साँगा नाकामा केही दिनयता संकलन गरिएको ३ हजार ४७३ स्वाब परीक्षण गर्दा २४ जनामा संक्रमण पुष्टि भएको छ ।

सरकारले केही दिनयता काठमाडौं प्रवेशविन्दुमै स्वाब संकलन गर्दै आएको थियो । नागढुंगामा ४ हजार ७१०, फर्पिङमा १ हजार २८२ र साँगामा २ हजार ४०९ जनाको स्वाब संकलन गरिएको थियो । नागढुंगामा संकलितमध्ये २ हजार ३०२ को परीक्षण गर्दा ३ जना, फर्पिङमा संकलित ७४१ को परीक्षण गर्दा १० जना र साँगामा संकलित ४३० जनाको परीक्षण गर्दा ११ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ ।

### डुवानको...

जरुरी रहेको बताए । यहाँ बजार आसपासका बस्ती मात्रै नभई मुख्य बजारका सडक पनि जलमग्न छ । एलेनचोक, रातोपुल, चटकपुर, शहीदगेट, प्रदेशसभा भवन अगाडी, पार्कमोडस्थल, विशालनगरलगायतका मूल सडकमै पानीको तलाउ जम्मा भई आवतजावतमा समस्या भएको छ । स्थानीयवासीका धानबाली डुबानमा परी जलमग्न भई तलाउमा परिणत भएका छन् ।

धनगढीमा निर्माणाधीन अवस्थामा रहेको छ लेन सडक र अर्कोतिर रिङरोड निर्माणसँगै पानीको उचित निकासको व्यस्थापन हुन नसकेका कारण पनि थप समस्या निम्तिएको यहाँका अगुवाको भनाइ छ ।

बुधबारदेखिको लगातारको वर्षा नरोकिएपछि वडा नं २ र ३ का दक्षिणका बस्ती नजिकै रहेको मोहना नदीको सतह बढेर गाउँमा फर्कने यहाँका स्थानीयवासीको चिन्ता छ । उपमहानगरभित्र भएका प्राकृतिक खोला नाला अतिक्रमण भएपछि डुबानको समस्या वर्षेनी दोहोरिने गरेको छ ।

धनगढी क्षेत्रमा विशेषगरी कैलाली नाला र सुकुटी नाला सबैभन्दा बढी अतिक्रमणमा परेका छन् । यी प्राकृतिक नाला अतिक्रमण हुँदा धनगढीका अधिकांश क्षेत्र डुबानमा पर्ने गरेका छन् ।

### कामचलाउ...

गर्ने भन्ने छ । तर, पार्टी प्रवेश गर्नेहरुलाई यति सदस्य, यति हजार जस्ता अस्पष्ट तथा अमूर्त कुरा लेखिएको छ । अझ फोरम लोकतान्त्रिक सँगको समायोजन हेर्ने भनी बनाएको समितिले केन्द्रमा पेश परेको भन्ने कुरा जानकारी आएको छ । पार्टीमा दशकौंदखि रगत पसिना भिजाएका साथीहरुलाई वडा, क्षेत्र र जिल्लामै बहिष्कृत गराउने वा उहाँहरुको मनोवल गिराउने, पार्टी जीवन तहसनहस वा तेजोबध गर्ने कालका अन्यायपूर्ण काम किमार्थ हुनुहुँदैन", असन्तुष्टि पत्रमा उल्लेख छ ।

यो समूहले बिजयकुमार गच्छदारले पार्टी प्रवेश गर्दा बिधान बिपरीतका काम भएको आरोप लगाएको छ । आगामी फागुन ७-१० मा काठमाडौंमा १४औं महाधिबेशन हुँदैछ ।

### मध्य...

६४ हजार ६४८ जनाको परीक्षण भएको छ ।

प्रवक्ता डा जागेश्वर गौतमका अनुसार पछिल्लो २४ घण्टामा थप २२७ जना उपचारपछि निको भएर घर फर्किएका छन् । योसँगै निको भएर घर फर्किनेको संख्या १४ हजार २४८ पुगेको छ । उनका अनुसार १३ हजार १०२ जना क्वारेन्टिनमा र पाँच हजार २२७ जना आइसोलेशनमा रहेका छन् । मुलुकभर पाँच हजार २२७ सक्रिय संक्रमित छन् । कोरोना भाइरस संक्रमणबाट हालसम्म ५२ जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा थप तीन जना संक्रमितको मृत्यु भएको प्रवक्ता डा गौतमले जानकारी दिए । बुधबार मात्रै नेपालमा तीन जनाको मृत्यु भएको छ ।

यता, जिल्ला प्रशासन कार्यालय बाँकेले आइतबारदेखि तीन दिनसम्मका लागि जिल्लाभर पूर्णरुपमा निषेधाज्ञा जारी गर्ने तयारी गरेको छ । समुदायस्तरमा कोरोना संक्रमणको जोखिम अत्यधिक बढेसँगै प्रशासनले निषेधाज्ञा जारी गर्ने भएको प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरूम्वाङले बताए ।

नेपालगञ्जमा समुदायस्तरमा गरिएको कोरोना परीक्षणमा कर्मचारी सहित २७ जनामा संक्रमण देखिएपछि निषेधाज्ञा जारी गर्ने तयारी गरिएको हो । गत आइतबार कन्टयाक्ट ट्रेसिङ गरी आन्तरिक राजश्व कार्यालय नेपालगञ्जबाट ६८, त्रिभुवनचोकको मिठाइ पसल आसपासबाट ११५ र यातायात व्यवस्था कार्यालय क्षेत्रबाट संकलन गरिएको २८ स्वाब परीक्षणका क्रममा आन्तरिक राजश्व कार्यालय नेपालगञ्जका थप ११ कर्मचारी सहित नेपालगञ्जका २७ जनामा संक्रमण देखिएको छ ।

## निर्मला हत्या प्रकरण

# आठ प्रहरीले पाए सफाइ



**काठमाडौं/मस-** कञ्चनपुरको भीमदत्तनगरपालिका-२ उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या प्रकरणमा मुछिएका प्रहरी उपरीक्षकसहित आठ जना प्रहरीलाई जिल्ला अदालत कञ्चनपुरले सफाइ दिएको छ । न्यायधीश गोपालप्रसाद बाँस्तोलाको एकल इजलासले जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका तत्कालिन प्रहरी उपरीक्षक डिल्लीराज विष्टसहित आरोपित आठ प्रहरी अधिकृत तथा कर्मचारीलाई सफाइ दिएको हो ।

निर्मला प्रकरणमा हत्या अभियुक्त भन्दै सार्वजनिक गरिएका कञ्चनपुरको भीमदत्त नगरपालिका-१९ बागफाँटाका ४१ वर्षीय दिलीपसिंह विष्टलाई हिरासतमा यातना दिएको र निर्मला पन्तकी आमा दुर्गादेवी पन्तले उक्त प्रकरणमा प्रमाण नष्ट गरेको भन्दै आठै जनाविरुद्ध मुद्दा दायर गरेका थिए ।

अदालतका श्रेष्तेदार यदुराज शर्माका अनुसार निर्मला हत्या प्रकरणमा उनीहरुले सम्बन्धित प्रमाणहरु नष्ट नगरेको देखिएकाले सफाइ पाएको बताए । उनले भने, 'निर्मलाको घाँटी थिची हत्या भएको सम्बन्धित प्रमाण नष्ट भएको अवस्था देखिएन । यी प्रतिवादीहरुको आरोप पुष्टि हुने कुनै आधार देखिएन ।'

तत्कालीन जिल्ला प्रहरी प्रमुख डिल्लीराज विष्ट, तत्कालीन प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर सेठी, सिआइबीका प्रहरी नायब उपरीक्षक अंगुर जिसी, प्रहरी निरीक्षक एकिन्द्र खड्का, तत्कालीन वडा प्रहरी कार्यालय महेन्द्रनगरका प्रमुख प्रहरी निरीक्षक जगदीशप्रसाद भट्ट, प्रहरी नायव निरीक्षकद्वय हरिसिंह धामी र रामसिंह धामी र प्रहरी जवान चाँदनी साउदविरुद्ध २०७५ फागुन २३ मा मुद्दा दायर भएको थियो ।

मुद्दा दर्ता भएका मध्ये प्रहरी उपरीक्षक विष्ट र प्रहरी निरीक्षक भट्टलाई सरकारले सेवाबाटै बर्खास्त गरेको छ भने अन्य ६ प्रहरी कर्मचारी निलम्बन परेका छन् । अदालतमा सो मुद्दामा थुनचेक बहस हुँदा प्रहरी कर्मचारीहरु धरौटीमा रिहा भएका थिए । निर्मला हत्या प्रकरणको अनुसन्धानमा प्रहरीले लापरवाही गरेको, प्रमाण नष्ट गरेको लगायतका विषय सरकारले नै गठन गरेको उच्चस्तरीय समितिले प्रतिवेदनमा औंल्याइएको थियो ।

## निर्मलाले पाइनन् न्याय

निर्मला हत्या प्रकरणको दुई वर्ष पूरा भएको छ तर अझै पनि घटनाका दोषीको पहिचान हुन सकेको छैन । पीडितले न्याय पाउन सकेका छैनन् ।

यो घटनाले देश विदेशमा चर्चाको विषय बन्यो । मानव अधिकारकर्मी, विभिन्न संघसंस्था, राजनीतिक दलले लामो समय आन्दोलन गरे । उनीहरुले सडक आन्दोलन गरे । अपराधीको पहिचान गरि कारबाही गर्न सरकारलाई दबाब दिए । तर सरकारले हालसम्म दोषीको पहिचान गर्न सकेको छैन ।

वि.स २०७५ साउन १० मा साथीको घर जान भन्दै हिँडेकी निर्मलाको ११ साउनमा घर नजिकैको उखुबारीमा शव फेला परेको थियो ।

प्रहरीले हालसम्म करिब डेढ दर्जन व्यक्तिको स्केच बनाइसकेको छ भने हत्याको आशंकामा १ हजार भन्दा बढीलाई सोधपुछ गरिसकेको छ ।

घटनाको अनुसन्धानका लागि कञ्चनपुर पुगेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को टोली र महानगरीय अपराध महाशाखाको संयुक्त टोलीसहित स्थानीय प्रहरी टोली र स्केच बनाउन खटिएको विशेष टोलीले संयुक्त रूपमा हत्या प्रकरणको अनुसन्धान जारी राखेको बताउँदै आएको छ । सरकार हत्यारा पत्ता लगाउन लागिपरेको बताइरहेको छ भने सर्वसाधारण सरकारको चर्को आलोचना गरिरहेका छन् ।

## नेटवर्किङ व्यवसायबारे

# अध्ययन गर्न उपसमिति गठन



**काठमाडौं/मस-** प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले नेटवर्किङ व्यवसायसम्बन्धी अध्ययन गर्न उपसमिति गठन गरेको छ ।

बिहीबार बसेको समितिको बैठकले सदस्य सोमप्रसाद पाण्डेको संयोजकत्वमा पाँच सदस्यीय उपसमिति गठन गरेको हो । उपसमितिमा कृष्णकुमार श्रेष्ठ, प्रकाश रसाइली, अमृता अग्रहरि र सरिता देवी गिरी सदस्य हुनुहुन्छ । समितिलाई नेटवर्किङ व्यवसायसम्बन्धी अध्ययन गरेर १५ दिनभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन) सम्बन्धी ऐन, २०७४ तथा नियमावली, २०७६ अनुसार केही नेटवर्किङ व्यवसायलाई अनुमति दिएको छ । नेटवर्किङ व्यवसायका कानूनी हैसियतका बारेमा प्रश्न उठेपछि समितिले वास्तविकता पत्ता लगाउन उपसमित गठन गरेको हो ।

# कोरोना संक्रमण बढ्न थालेपछि गोकर्णेश्वर मन्दिर बन्द



**काठमाडौं/मस-** काठमाडौं उपत्यकामा कोभिड-१९ को संक्रमण बढ्न थालेपछि उत्तरपूर्वी भेगको प्रसिद्ध गोकर्णेश्वर महादेव मन्दिर बन्द गरिएको छ ।

गत चैत ११ गतेदेखि बन्द रहेको पशुपतिनाथ मन्दिर साउन महिनामा पनि नखुलेपछि साउने सोमबारको भीड गोकर्णेश्वर महादेव मन्दिरमा बढेको थियो ।

भौतिक दूरी कायम गरेर पूजा आराधना एवं दर्शन गर्न दिएकामा भक्तजनको भीडका कारण संक्रमण बढ्ने जोखिम देखिएकाले बिहीबारदेखि बन्द गरिएको हो ।


गोकर्णेश्वर महादेव मन्दिर क्षेत्र प्रबन्ध समितिका अध्यक्षसमेत रहेका गोकर्णेश्वर नगरपालिका-४ का अध्यक्ष श्रीकुमार श्रेष्ठले भक्तजनलाई पूजा आराधना एवं दर्शनका लागि मन्दिर बन्द गरिए पनि नित्य पूजा, आरती पूर्ववत् सञ्चालन हुने बताए ।

राजा मानदेवको शासनकालमा निर्माण भएको विश्वास गरिने गोकर्णेश्वर महादेव मन्दिर उपत्यकाका महत्वपूण शिवालयमध्येमा पर्छ । पशुपतिनाथ मन्दिरमा श्रीयन्त्र र गोकर्णेश्वर महादेव मन्दिरमा बालयन्त्रको पूजा हुने भएकाले पनि यस मन्दिरको पौराणिक महत्व रहेको जनाइएको छ ।

वाग्मती उत्तरतिर बग्ने उत्तरबाहिनी क्षेत्रसमेत यहीँ रहेकाले धेरै भक्तजन यहाँ आएर पूजा, आराधना एवं दर्शन गर्ने इच्छा राख्छन् । विशेषगरी साउने सोमबारको व्रत बसेका महिला भक्तजनको यसअघिका दुई सोमबार गोकर्णेश्वरमा भीड लागेको थियो । साउनका प्रत्येक दिन बिहान विगत वर्षमा भन्दा यसपटक भीड बढेको देखिएपछि कोरोनाको जोखिम बढ्न नदिन मन्दिर बन्द गरिएको हो ।

कोरोनाको जोखिम नघटेसम्म मन्दिर नखोलिने जनाइएको छ । पशुपतिनाथ मन्दिरलगायत उपत्यकाका अन्य ठूला मन्दिर गत चैत ११ गतेदेखि नै बन्द छन् । गोकर्णेश्वर महादेव मन्दिर नजिकैका ५४ वर्षीय एक स्थानीयवासीको कोरोना संक्रमणका कारण असार तेस्रो साता निधन भएको थियो ।

# राप्रपालाई आईडियूको सदस्यता




**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रजातन्त्रवादी राजनीतिक दलहरूको छाता संगठन 'इन्टरनेसनल डेमोक्राटिक युनियन'को सदस्यता पाएको छ ।

बिहीबार भएको युनियन कार्य समितिको भर्चुअल बैठकले राप्रपालाई सदस्यता दिने निर्णय गरेको हो । क्यानडाका पूर्वप्रधानमन्त्री स्टेफन हार्परको अध्यक्षतामा बसेको भर्चुअल बैठकमा राप्रपालाई सदस्यता दिने प्रस्ताव अष्ट्रेलियाका सत्तारुढ दल लिबरल पार्टी अफ अष्ट्रेलियाले गरेको थियो । सो प्रस्तावमा माल्दिभ्सका पूर्वराष्ट्रपति मोहम्मद नसिरले स्वागत र समर्थन जनाएका थिए ।

बैठकमा नसिरले दक्षिण एसियाली मुलुकबाट थप सदस्य भएकोमा खुसी व्यक्त गरेका थिए ।

विश्वका ७६ कन्जर्भेटिभ राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको बैठकमा राप्रपाका अध्यक्ष कमल थापा सहभागी थिए । सो क्रममा अध्यक्ष थापाले संसारका सबै मुलुकको आर्थिक विकास, शान्ति र स्वतन्त्रतामा विश्वास राख्दै प्रजातन्त्र, स्वतन्त्रता र मानव अधिकारका क्षेत्रमा थप चुनौतीहरू देखापरेको चर्चासहित प्रजातन्त्रवादी पार्टीहरूको एकता र सहकार्यको आवश्यकता रहेकोमा जोड दिए ।

उनले उदाउँदो प्रजातन्त्रलाई सहयोग गर्दै थप मजबुत र सुदृढ तुल्याउन आइडियूको भूमिका महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

युनियनको मूल्य र मान्यताप्रति राप्रपा प्रतिबद्ध रहेको भन्दै थापाले विश्वासका साथ सदस्यता प्रदान गरी सहकार्यको निम्ति अवसर प्रदान गरेकोमा युनियन र सम्बद्ध सबैलाई आभार समेत व्यक्त गरे ।

संयुक्त राज्य अमेरिकाको वासिंगटन डिसीमा आयोजना हुने बैठक कोभिड-१९ का कारण भर्चुअल बैठक गरिएको हो । बैठकले नेपालसहित युक्रेन, स्विडेन, अल्बानिया र नाइजेरियाका राजनीतिक दललाई सदस्यता प्रदान गरिएको छ ।

पार्टीका नेता राजाराम बर्तौलाले युनियनको आगामी अन्तर राष्ट्रिय सम्मेलनले यो निर्णयको अनुमोदन गर्दै राप्रपालाई पूर्ण सदस्यता प्राप्त गर्ने जानकारी दिए ।

# दार्चुलामा स्वयंसेवक संगठनको जिल्ला भेला सम्पन्न




**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, १५ साउन

नेपाल स्वयंसेवक संघ युवा संगठन जिल्ला कार्य समिति दार्चुलाको प्रथम भेला सम्पन्न भएको छ । संगठनले आफ्नो प्रथम भेलाको अवसर पारेर बिहीबार दार्चुला जिल्लाको प्रमुख र राष्ट्रकै सातौँ धामको रुपमा परिचित प्रसिद्ध धार्मिक स्थल शैल्यशिखर मालिकार्जुन वरिपरी सरसफाई कार्यक्रम सम्पन्न गरेको अध्यक्ष विक्रम धामीले मध्यान्हलाई जानकारी दिए । भेलामा करिव ३५ जनाको सहभागिता रहेको थियो । मन्दिर सरसफाईको कार्यक्रम राखिएकोमा मालिकार्जुनका मुखिया रुद्र सिंह धामीले धन्यबाद ज्ञापन गरेका थिए ।

समाजमा ब्याप्त भ्रष्टाचार, महँगी, बिकृति, बिसंगतिविरुद्ध स्वतन्त्र अभियानकोरुपमा स्थापित स्वयंसेवक संघ मुलुकका बिभिन्न जिल्लामा बिस्तारित हुँदै गएको छ । बिक्रम धामीले अध्यक्षकामा संगठित दार्चुला जिल्ला कार्यसमितिमा उपाध्यक्ष भावना सिंह, सचिव जितेन्द्र धामी, सह सचिव कल्पना पन्त, कोषाध्यक्ष भागिरथी धामी, सदस्यहरु माधव भट्ट, सुरेन्द्र बम, जन्म बडाल, सरिता गिरी लगायत रहेका छन् ।

# किसानमैत्री योजनाहरु सञ्चालन गरेका छौं: मन्त्री पौडेल



**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, १५ साउन

प्रदेश नं ५ सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री आरती पौडेलले प्रदेश सरकारले सबै प्रकारका कृषकलाई प्रोत्साहन गर्न किसानमैत्री योजनाहरु सञ्चालन गरेको दावी गरेकी छन् ।

बिहीबार नवलपरासी( बर्दघाट-सुस्ता पश्चिम)स्थित बर्दघाट नगरपालिकामा रहेका कृषिसँग सम्बन्धित विभिन्न सहकारी संस्थाहरुको अनुगमन गर्दै मन्त्री पौडेलले सो कुरा बताएकी हुन् ।

बर्दघाट-१४ चौपत्तास्थित चन्द्रोदय बहुउद्देश्यीय सहकारी संस्थाको अनुगमन गर्दै मन्त्री पौडेलले कृषि क्षेत्रमा जनशक्तिको अभाव हुन नदिन प्रदेश ५ सरकारले 'कृषि कर्मी रोजगार कार्यक्रम' सञ्चालन गर्न लागेको बताइन् । कृषकलाई कृषि व्यवसाय विस्तार गर्न प्रदेश सरकारले सहजीकरण सहितको ऋण लगानी गर्ने पनि मन्त्री पौडेलले बताइन् । ऋण बापतको ब्याज सरकारले नै तिरिदिने उल्लेख गर्दै उनले चक्लाबन्दी र सहकारी खेतीमा जोड दिन आग्रह गरेको थिइन् । प्रदेश ५ सरकारले कृषिसँग सम्बन्धित योजना र कार्यक्रम कृषकको घरघरमा पुऱ्याउन ' हरित स्वयमसेवक' परिचालन गर्ने योजना पनि अघि सारेको उनको भनाइ थियो ।

बर्दघाट नगरपालिकाका प्रमुख धीरज शर्मा बस्यालले कृषि कर्ममा लाग्ने व्यक्तिलाई आत्मगौरवको महशुस गराउन नगरपालिकाले भूमि कर मिनाहा गरेको बताए । नगरपालिकाले गतवर्षको तुलनामा यस वर्ष पाँच गुणा बढी बजेट कृषिमा विनियोजन गरेको बताउँदै कृषि उत्पादनको बजारीकरणमा पर्याप्त बजेट विनियोजन गर्न संघ र प्रदेश सरकारलाई आग्रह गरे । सहकारीका अध्यक्ष पूर्णप्रसाद तिमिल्सिनाले प्रदेश ५ मै सबैभन्दा धेरै दुग्ध संकलन गर्ने सहकारी भएको बताउँदै नेपालकै नमूना बनाउने प्रयासमा लागेको बताए । हाल दैनिक दश हजार लिटर दुग्ध संकलन गरिरहेको बताउँदै उनले दैनिक ५० लिटर दुग्ध उत्पादन कृषक यस सहकारीमा आवद्ध रहेको जानकारी दिए ।

प्रदेश ५ का पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक तुलसीराम भण्डारीले समृद्धि प्राप्तिका लागि सहकारीहरुले उत्पादनलाई जोडेर कृषकलाई आत्मनिर्भर बनाउने काम गर्न जोड दिए । जिल्ला सहकारी संघका उपाध्यक्ष वृहस्पति अधिकारीले स्थानीय रुपमा उत्पादन हुने तरकारी, फलफूल तथा दुग्धको बजारीकरणका लागि कृषि हाटबजार निर्माण गरिएको बताए ।

कृषि विशेषज्ञ चक्रपाणि पन्थीले कृषि हाटबजारमा कृषि उपज संकलनका लागि कोल्ड रुमको आवश्यकता रहेको र यसमा प्रदेश सरकारबाट सहयोग हुने विश्वास व्यक्त गरे । सहकारीका अध्यक्ष शिवलाल कण्डेलको अध्यक्षतामा उक्त कार्यक्रम भएको थियो ।

# गुठीद्वारा संचारकर्मीलाई स्वास्थ्य सामग्री प्रदान




**काठमाडौं/मस-** कोरोना भाइरस संक्रमणको बढ्दो अवस्थालाई मध्यनजर गरी पेन्सल भेनिया नेपालीज गुठी अमेरिकाद्धारा फ्रन्टलाइनमा खटेका करिब २० संचार संस्थालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ ।

बुधबार नेपाल तामाङ घेदुङ केन्द्रीय कार्यालयको सभाहलमा एक कार्यक्रमबीच सैलुङ अनलाइनको संयोजनमा गुठीको सहयोगबाट उनीहरुलाई स्वास्थ्य सामग्री प्रदान गरेका हुन् । गुठीद्धारा उनीहरुलाई ५ लिटर सेनिटाइजर, थर्मलगन, एन-९५ मास्क १० वटा, फेस शिल्ड प्रदान लगायतका स्वास्थ्य सामग्री गरेका हुन् ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका महासचिव रमेश बिष्टले कोभिड-१९ को संक्रमण घडीमा पत्रकार साथीहरु संयमता अपनाएर कार्य गर्न आग्रह गर्दै संचारकर्मीले खेलेको भूमिकाप्रति सरकार मौन रहेको बताए । उनले भने, 'साना लगानीमा संचालित स्वरोजगारमुखी मिडियालाई प्रवर्द्धनमा राज्यको विभेदकारी दृष्टिकोणले असहजता ल्याएको छ ।' महासंघले कोभिड-१९ लाई मध्येनजर राखी फ्रन्टलाइनमा खटिएका पत्रकार लगायत सबैलाई सहयोग गरिरहेको उल्लेख गरे । नीति निर्माणमा महासंघले छलफल गरेर नै अगाडि बढेको उनको भनाइ छ ।

आदिवासी जनजाति पत्रकार संघ (फोनिज) का अध्यक्ष एवं नागरिक खबरका संस्थापक अध्यक्ष डण्ड गुरुङले संचारकर्मीहरुको स्वास्थ्यप्रति सचेत रहँदै सहयोग गरेकोमा गुठीलाई धन्यवाद दिए । ठूला मिडिया कम्पनीले संचारकर्मीलाई बेतलबी बनाउने, अवकाश दिने जस्ता कार्य असह्य भएको बताए । ठूला मिडियाबाट निकालिने आदिवासी पत्रकार नै अगाडि रहेको छ, उनले भने, 'सरकारको हेर्ने आँखा पञ्चायतको भन्दा कम छैन । विभेद अझै उच्च छ । राज्यले ठूलो मिडियालाई पोसेको छ । आदिवासी पत्रकारमाथी नै टार्गेट बनाएको आरोप लगाए । अन्तर्राष्ट्रिय तामाङ परिषदका बरिष्ठ उपाध्यक्ष टासी लामाले मातृभाषा शिक्षामा स्थानीय तहले प्रथामिकता दिनुपर्ने बताए । उनले पत्रकारहरुको मर्म बुझेर सहयोग गरेकोमा गुठीलाई धन्यवाद दिदै यो सरहानीय कार्य गरेको औंल्याए । नेपाल तामाङ घेदुङ उपाध्यक्ष कुमारसिंह घिसिङ तामाङले पत्रकारहरुको मर्मलाई बुझेर कोरोना बीमा गर्नेदेखि फ्रन्टमा कार्यरत संचारकर्मीलाई घेदुङले सहयोग गरेको उल्लेख गरे ।

# भिडभाड नगर्न सिरहा प्रशासनको अपील



**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १५ साउन

कोरोना भाइरस फैलिने खतरा बढेपछि जिल्ला प्रशासन कार्यालय सिरहाले भिडभाड नगर्न सबैसंग अपिल गरेको छ । प्रमुख जिल्ला अधिकारी प्रदिपराज कंडेलद्वारा जारी सूचनामा साउन महिना समेतमा उत्तरायणी लगायतका नदी किनार, मन्दिर तथा सार्वजनिक स्थलमा शिव आराधना, बोलबमका नाममा भिडभाड (जमघट), नाचगान नगर्न नगराउन अपिल गरिएको छ ।

यस्तै अन्य मठ मन्दिर, मस्जिद, चर्च, गुम्वा समेतमा भिडभाड हुन नदिन र आउँदो श्रावणी अष्टमी जनै पुर्णिमा लगायत हाटबजारसमेत नलगाउन सूचनामा भनिएको छ । बजारमा किनमेल गर्दा दुरी कायम गराउने, साबुन पानीले हात धुने र धुन लगाउने, स्यानीटाइजर र मास्क प्रयोग गर्न गराउन समेत सर्वसाधरणसंग आग्रह गरिएको छ ।

साथै जिल्लाभित्र चल्ने सवारी साधनमासमेत सुरक्षा र स्वास्थ्य सम्बन्धि मापदण्ड र प्रोटोकल पालना गर्न अपिल गरिएको छ । प्रजिअ कंडेलले सूचना अनुसार गर्न गराउन जिल्लाका सबै कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य कार्यालय र व्यापार संघ संस्थालाई समेत परिपत्र गरेका छन् ।

## सम्पादकीय

# जोगिएर मनाऔं

समाजशास्त्रीहरू भन्छन्– हरेक महासंकटले नयाँ युगको थालनी गर्छ । राजनीतिक, प्राकृतिक र सांस्कृतिक संकट पछाडिको समाज पहिलेजस्तो रहन्न । राजनीतिक विद्रोहहरूले निम्त्याउने संकटले जीवन पद्दती र सोंचमा आमूल परिवर्तन ल्याउने गर्छ । नेपालकै सन्दर्भमा २००७, २०१७, २०४६, दोस्रो जनआन्दोलन, मधेश विद्रोह र जनजाति आन्दोलनले नेपाली समाजमा बहुआयामिक परिवर्तन ल्याएको छ । यस्तै महाभूकम्पले हाम्रो जीवनशैलीमा सानै संख्यामा भएपनि परिवर्तन ल्याएको छ ।

राजनीतिक कम्पन पछाडि विश्व जगतमा जीवनशैलीमा दीर्घकालीन प्रभाव पार्ने प्रविधि र प्रणाालीको विकास भएको थियो । अहिले फेरि विश्वव्यापी महामारी कोभिड–१९ ले संसार त्रसित बनाएको छ । युगौं लामो अभ्यासबाट विकसित हाम्रा आनीबानी र चालचलनमा यो महामारीले एकै पटक ठूलो परिवर्तन ल्याएको छ । एकअर्कामा जोगिएर बस्ने, बाह्य प्रभाव अन्य व्यक्तिसँगको सम्पर्कलाई अनुशासित बनाउने काम तीव्र रूपमा विकास भएको देखिन्छ । नेपालमै पनि मास्क लगाउने, राम्रोसँग हातमुख जस्ता महत्वपूर्ण शारीरका अंगको सफाईमा विशेष ध्यान दिने काम यही महामारीले सहयोग गरेको छ । जुन काम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले ठूलो रकम खर्चेर वर्षौंको प्रयासले पनि संभव हुन सकिरहेको थिएन ।

यी त महामारीका कारण मानवीय जीवनशैलीमा ल्याएको परिवर्तनको तथ्य र ऐतिहासिक अध्यनन्का कुरा भए । तर, हाम्रो आनीबानी, सोंच र संस्कृतिमा परिवर्तन ल्याउनु आवश्यकता पनि हुन् । किनभने, महामारीबाट पहिलो बाँचेपछि मात्रै भविष्यका लागि थप प्रयत्न गर्न सकिन्छ । नेपाल बिस्तारै चाडबाड तर्फ धकेलिदैछ । अहिले साउने सोमबार मनाउने तीर्थालुको ध्यान तीर्थधामतिर तानिएको छ । भलै, अघिल्ला वर्षहरू जस्तो भव्यता यसपटक छैन । यसपछि चाँडै हिन्दू महिलाहरूको चाड तीज आउँदैछ । तीज पछाडि दशैं, तिहार, छठ जस्ता चाडहरू आउँदैछ । महामारीको रोकथामका लागि लामो समय गरिएको लकडाउनले अर्थतन्त्र नराम्रोसँग प्रभावित बनाएकाले एकातिर यी चाड मनाउने कार्यलाई खुम्च्याउने देखिन्छ भने अर्कातिर सचेत भएर मनाउनुपर्ने बाध्यता छ । संकटका बीच पनि रमाउने संस्कृति हामीसँग पुरानै हो । यसपटक पनि महामारीकै कारण यस्ता चाडहरू नमनाउने भन्ने हुँदैन । तर, सचेतता भने आवश्यक छ । अर्थात्, हामीले महामारीबाट बच्दै अझ सम्मुनत संस्कृति निर्माण हुनेगरी उच्च सतर्कताका साथ यी चाडहरूमा रमाउनुपर्नेछ ।

## सामाजिक सञ्जाल


मलाई नेकपामा चिरा परेको, धाँजा फाटेको, कम्युनिस्ट आन्दोलनमा बाँस फुलेकोमा पटक्कै चिन्ता छैन । बरू सूर्यबहादुर तामाङ, भीमबहादुर कामी, राजु सदाहरूको असाध्यै चिन्ता छ । नागरिक जोगाउन नसक्ने सत्ता बाँचे के मरे के ? हामीलाई बाल !

**– अक्षर काका**


केन्द्रिय कमिटी बैठक माग गर्दै हस्ताक्षर गर्ने केन्द्रिय सदस्यहरूमा केटाकेटीपन देखियो । सरकार ढाल्ने गेम प्लान फेल हुँदै जादा के क.बैठकका लागि कुबेलमा बजाइको बेल नयाँ झेलपूर्ण खेलको लागि जबर्जस्त दुस्प्रयास हो । अध्यक्षद्वयलाई सहमतिका लागि दवाव दिउँ अनावश्यक झमेला तिर नलागौं ।

**– आरसी लामिछाने**


देउवा सरले जेष्ठ नागरिक गठबन्धन खोल्नु भएछ, आफ्नैलगायत केही नेताको नाम हाल्न भुल्नुभएछ त ।

**– विद्युत लामिछाने**


चार महिना बन्द हुँदा ७ अर्ब गुमाउने होटल व्यवसायीहरूले यतीका वर्ष कमाएको अरबौं रूपैयाँ कता लुकाए र कामदारहरूलाई बिचल्ली बनाए ?

**– ज्यान्टलम्यान**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# बैंक तथा वित्तीय क्षेत्रको वर्तमान स्थिति र अबको भूमिका


■ प्रेमलकुमार खनाल

मुलुकको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको बैंक तथा वित्तीय क्षेत्रको गुणात्मक विकासबाट मुलुकमा आर्थिक विकासमा तीव्रता आउँछ । उत्पादन, रोजगारी र आम्दानीमा वृद्धि भएर मुलुकको आर्थिक विकासको लक्ष्य पूरा हुन्छ । यस अर्थमा बैंक तथा वित्तीय संस्थाहरूको उत्पादन वृद्धि, रोजगारी वृद्धि, बचत परिचालन, निर्यात व्यापार अभिवृद्धि, राजस्व परिचालनमा महत्वपूर्ण भूमिका रहन्छ ।

४० को दशकबाट सुरुआत भएको उदार वित्तीय नीतिबाट सबैभन्दा बढी बैंकिङ क्षेत्रमा प्रभावित परेको छ । राष्ट्रव्यापी सञ्जाल भएका पूर्ण तथा आंशिक स्वामित्वका नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक मात्रै रहेकोमा यो वित्तीय उदारीकरणको नीति अवलम्बन गरेपछि झन्डै ४ दशकको बीचमा २७ वटा राष्ट्रव्यापी सञ्जाल भएका वाणिज्य बैंकहरू, २३ वटा विकास बैंक, २२ वटा वित्त कम्पनी, ८९ वटा लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार बैंक गरी कुल १ सय ६२ बैंक तथा वित्तीय संस्थाहरू मुलुकको बैंकिङ प्रणालीमा सञ्चालनमा रहेका छन् ।

यस्तै २ वटा बिमा कम्पनी रहेकोमा अहिलेसम्म आइपुग्दा ४० वटा बिमा कम्पनी, ३४ हजार ८ सय ३७ सहकारी (बचत तथा ऋण सहकारी १३ हजार ९ सय १७ ) संस्थालगायत कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र हुलाक बचत बैंकसमेत सञ्चालनमा छन् । यसमध्ये वाणिज्य बैंकका ४ हजार २ सय १९, विकास बैंकका १ हजार २ सय १३, वित्त कम्पनीका २ सय ३९ र लघु वित्तका ३ हजार ९ सय ६९ गरी देशभरमा ९ हजार ६ सय ४० वटा शाखा कार्यालयबाट सेवा पुऱ्याउँदै आएका छन् । यसरी हेर्दा प्रतिशाखा औसत ३ हजार ७२ जनसंख्यामा सेवा पुगेको छ । बैंकहरूमा निक्षेप खाताको संख्या ३ करोड १७ लाख ३२ हजार, मोबाइल बैंकिङ प्रयोगकर्ता संख्या १ करोड ३ लाख ३५ हजार र इन्टरनेट बैंकिङ सेवाका प्रयोगकर्ता ९ लाख ९८ हजार रहेका छन् ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा बैंक तथा वित्तीय संस्थाहरूको २०७६ पुस मसान्तसम्म कुल सम्पत्ति र दायित्वको हिस्सा ८८.१ प्रतिशत र यसमा नेपाल राष्ट्र बैंकको अंश १६.८ प्रतिशत रहेको छ । यस्तै वित्तीय स्थायित्वको परिसूचकमध्ये कुल निष्क्रिय कर्जाको अनुपात २०७६ असारमा १.५ प्रतिशत रहेकोमा २०७६ पुसमा १.८ प्रतिशत पुगेको छ । यस्तै वित्तीय प्रगाढता एवम् वित्तीय पहुँचका हिसाबले हेर्दा आब २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनसँग विस्तृत मुद्राप्रदायको अनुपात १०३.६ प्रतिशत, निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको अनुपात ८४.१ प्रतिशत र कुल निक्षेपको अनुपात ९३.५ प्रतिशत रहेको छ । वित्तीय पहुँच वृद्धि गर्न हरेक गाउँपालिकामा एक वाणिज्य बैंक पुऱ्याउने लक्ष्यअनुरूप हालसम्म ७ सय ४६ पालिकामा वाणिज्य बैंकका शाखाहरू स्थापना भएका छन् । नेपाल राष्ट्र बैंकले २०७६ मा गरेको एक अध्ययनअनुसार बैंकहरूमा खोलिएको निक्षेप खाताका अनुसार ६०.९ प्रतिशत नागरिकमा वित्तीय पहुँच पुगेको बताइएको छ ।


> नेपालको कुल गार्हस्थ्य उत्पादनमा बैंक तथा वित्तीय संस्थाहरूको २०७६ पुस मसान्तसम्म कुल सम्पत्ति र दायित्वको हिस्सा ८८.१ प्रतिशत र यसमा नेपाल राष्ट्र बैंकको अंश १६.८ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा निक्षेप बैंक तथा वित्तीय संस्थामा ३४ खर्ब ९४ अर्ब २१ करोड रहेको छ भने निजी क्षेत्रमा ३१ खर्ब ५६ अर्ब ६१ करोड कर्जा प्रवाह भएको छ । यसमध्ये वाणिज्य बैंकहरूले कुल कर्जाको कम्तीमा १० प्रतिशत कृषिक्षेत्रमा लगानी गर्नुपर्नेमा यो अंश ६.९ प्रतिशत मात्रै रहेको छ । यसैगरी वाणिज्य बैंकहरूले निक्षेपमा प्रदान गर्ने भारित ब्याजदर ६.८ प्रतिशत तथा कर्जामा लिने भारित ब्याजदर ११.८ प्रतिशत रहेको छ भने औसत आधार दर ९.५ प्रतिशत कायम भएको छ ।

बैंकिङ क्षेत्रको उल्लिखित स्थितिले चार दशकयताको बैंकिङ क्षेत्रमा भएको विकासको अवस्थालाई नियाल्न सकिन्छ । बैंकिङ क्षेत्रमा प्रविधिको प्रयोगसँगै बैंकिङ सेवा छिटो-छरितो ढंगले प्राप्त गर्ने आधार तयार हुँदै गएको छ । म्यानुल सिस्टमबाट कम्प्युटराइज्ड सिस्टममा फड्को मारेको बैंकिङ सेवा अब ग्राहक वर्गका लागि घरमै बसेर सेवा मोबाइलबाटै लिन सक्ने, आफूले खाता खोलेको बैंक शाखामा नपुगी आफूले चाहेको बैंक शाखा वा पायक पर्ने बैंक शाखाबाट भुक्तानी लिन सक्ने, रकम जम्मा गर्न सक्ने, एटीएम सेवाबाट जुनसुकै बेला रकम भुक्तानी लिन सक्ने आधुनिक बैंकिङ सेवाका महत्वपूर्ण उपलब्धि हुन् । दुर्गम पहाडी भेगमा तीन-चार दिन आवतजावत गरेर मात्रै बैंकिङ सेवा प्राप्त गर्ने गरेकोमा अब मोटरबाटो नभएका ठाउँमा पनि गाउँघरमै दुई-तीनदेखि चार-पाँच घण्टासम्मकै दूरीसम्म पुगेर बैंकिङ सेवा प्राप्त गर्ने स्थितिको विकास भएको छ ।

यसरी बैंकिङ क्षेत्रमा जुन हिसाबले विकास र विस्तार भएको छ । यसले संख्यात्मक रूपमा विकास र विस्तार भएको छ । तर, गुणात्मक हिसाबले भने बैंकिङ क्षेत्रबाट अझै पनि आर्थिक विकास, गरिबी निवारण, बेरोजगारी न्यूनीकरणको हिसाबले योगदान पुग्न नसकेको स्थिति छ । बैंकिङ क्षेत्रबाट कुल कर्जाको ८० प्रतिशत रकम बिग हाउसका ठूला ऋणीहरूले मात्रै लिने गरेको स्थिति छ । सर्वसाधारण जनताबाट संकलित निक्षेप रकम यसर्थ सीमित व्यक्ति र कम्पनीमा कर्जास्वरूप प्रवाह हुने जुन स्थिति छ, यसले गर्दा पनि चालीसौं लाख मानिस बेरोजगार भएर रोजगारीको खोजीमा विदेश भौंतारिनुपर्ने जुन स्थिति छ, यसले गर्दा बैंकहरूको संख्यात्मक उपस्थिति त भयो तर उत्पादन वृद्धि, रोजगारी वृद्धिको हिसाबले ठोस योगदान पुग्न नसकिरहेको स्थिति छ । बैंकहरूको कर्जा स्प्रेड दर पनि फराकिलो रहेको छ; अर्थात् निक्षेप कर्ताले न्यून दरको मात्रै प्रतिफल छ, यो मुद्रास्फीतिको भन्दा न्यून रहेको छ । कृषि कर्जामा महँगो ब्याजदर तर गाडी खरिद र घर निर्माणका लागि सस्तो खालको ब्याजदर बैंकिङ क्षेत्रको विशेषता बनेको छ । कृषिप्रधान देश भए पनि कृषिक्षेत्रको विकासका लागि कृषि आधारित उद्योगको विकास, विस्तारका साथै उत्पादन वृद्धिमा ठोस योजना र कार्यक्रमको अभाव छ । बैंकहरू पनि सजिलो खालको धितोमुखी र मध्यम वर्ग लक्षित रियल स्टेट, घर निर्माण, सवारी साधन खरिद, ओभर ड्राफ सुविधाजस्ता क्षेत्रमा कर्जा प्रवाह गर्न लालयित हुँदै आएका छन् ।

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत अगाडि सारेको कुल कर्जाको कम्तीमा १० प्रतिशत कृषिक्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने नीति अगाडि सारे पनि ६ प्रतिशतभन्दा बढी कर्जा लगानी नगरेबाट पनि कृषिक्षेत्र बैंकहरूबाट उपेक्षित भएको छ । वास्तवमा अन्य क्षेत्रभन्दा कृषिक्षेत्रबाट चाँडो उत्पादन हुने र उत्पादित वस्तु चाँडो बिक्री-वितरण भई बैंकहरूमा नगद भित्रिन सक्ने भए पनि




बैंकहरूबाट कृषिक्षेत्रमा साना किसान, बेरोजगार लक्षित कर्जा प्रवाह गर्न प्राथमिकता नदिइनु अहिलेको मुख्य चुनौती बनेको छ । बैंकहरूले कन्स्टोरियम फाइनान्सबाट पनि आयात व्यापारलाई प्रतिस्थापन गर्ने कृषि आधारित ठूलठूला खाद्य उद्योग, प्रशोधन उद्योग, दाना उद्योग, मलकारखाना, कटनमिल, कारखाना, दूध, मासुमा आत्मनिर्भर हुने गरी ठूलठूला पशुपालन फार्ममार्फत आधुनिक पशुपालनका क्षेत्रमा लगानी गरेर उत्पादन, रोजगारी र आयात प्रतिस्थापन गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

बैंक तथा वित्तीय क्षेत्रको उल्लिखित स्थितिमा सरकारले आव २०७७/७८ को बजेटबाट बैंक तथा वित्तीय क्षेत्रको भूमिकाका बारेमा उल्लेख गरिएको छ, जसअनुसार अर्थतन्त्रमा देखिएको शिथिलताका कारण वित्तीय क्षेत्रको स्थायित्व र सेवा प्रवाहमा प्रतिकूल असर पर्न नदिने गरी नियमनकारी व्यवस्था मिलाउने, कोभिड-१९ का कारण प्रभावित बनेका उद्योग-व्यवसायको शीघ्र पुनरुत्थान गर्ने, नयाँ लगानी प्रवर्द्धन गर्ने र उत्पादन अभिवृद्धि तथा रोजगारी सिर्जना गर्नका लागि वित्तीय क्षेत्रको स्रोत परिचालन गरिने उल्लेख छ ।

यस्तै बजेटले बैंक तथा वित्तीय संस्थाहरूलाई एकआपसमा गाभिन प्रोत्साहित गर्ने तथा भुक्तानी प्रणालीलाई सुरक्षित, आधुनिक र विद्युतीय प्रविधिमा आधारित बनाइने उल्लेख छ । यस्तै बजेटमा ५ प्रतिशतसम्मको सहुलियतपूर्ण ब्याजदरमा कोरोनाबाट प्रभावित कृषि, घरेलु, साना तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, होटल, पर्यटनलगायतका क्षेत्रका उद्योग-व्यवसायलाई कर्जा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकले १ खर्बसम्मको पुनर्कर्जा सुविधा उपलब्ध गराउने उल्लेख छ । यसैगरी बैंकहरूबाट प्रवाह हुने सहुलियतपूर्ण कर्जा कार्यक्रमको पुनर्संरचना गर्दै यसको दायरा फराकिलो बनाउने, सहुलियतपूर्ण कर्जाको सुरक्षण र व्यवसाय बिमा प्रिमियमको ५० प्रतिशतसम्म अनुदान दिइने उल्लेख छ ।

बैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने सहुलियतपूर्ण कर्जा कार्यक्रमअन्तर्गत वाणिज्य बैंकले प्रतिशाखा कम्तीमा १० तथा विकास बैंकले प्रतिशाखा कम्तीमा ५ जनाका दरले सहुलियतपूर्ण कर्जा उपलब्ध गराई थप रोजगारी सिर्जना गर्न नेपाल राष्ट्र बैंकमार्फत आवश्यक व्यवस्था मिलाउने उल्लेख छ । सहुलियतपूर्ण कर्जाको ब्याज, बिमा प्रिमियम र कर्जा सुरक्षणका लागि १३ अर्ब ९६ करोड विनियोजन गरिएको छ । बजेटमा विद्युतीय प्रणालीमा आधारित वित्तीय सेवा विस्तार गर्दै दुर्गम क्षेत्रमा बैंकिङ पहुँच अभिवृद्धि गर्न शाखारहित, मोबाइल र इन्टरनेट बैंकिङ सेवा उपलब्ध गराउने र बैंक तथा वित्तीय संस्थालाई बाह्य पुँजीको परिचालन गर्न प्रोत्साहित गर्ने तथा लघु वित्त संस्थाहरूको सञ्चालन दक्षता अभिवृद्धि गरी कर्जाको ब्याजदर यथार्थपरक बनाउने उल्लेख छ ।

बजेटले नेपाली नागरिकलाई रोजगारीका अवसरमा सहभागी गराउने र यस्तो श्रमसम्बन्धी नियमको परिपालना गर्ने प्रतिष्ठानहरूलाई वित्तीय र मौद्रिक सुविधा उपलब्ध गराउने तथा कोरोना प्रभावित घरेलु, साना तथा मझौला उद्यम, पर्यटन क्षेत्रमा कार्यरत श्रमिक तथा कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्न तथा व्यवसाय सञ्चालन गर्न ५ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउन ५० अर्बको कोष खडा गरी नेपाल राष्ट्र बैंकमार्फत सञ्चालन हुने बजेटमा उल्लेख गरिएको छ ।

कोरोनाको कहरका बीचमा आएको प्रस्तुत बजेटलाई कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकले मौद्रिक नीति जारी गरेपछि ठोस योजनाका साथ बैंक तथा वित्तीय क्षेत्रले निर्वाह गर्ने भूमिका अझ बढी ठोस योजनाका साथ आउने अपेक्षा गर्न सकिन्छ ।

मुलुकमा चैत ११ देखि बन्दाबन्दी (लकडाउन) सुरु भएपछि यसको प्रभाव बैंक तथा वित्तीय संस्थामा परेको देखिन्छ । खासगरी बैंकहरूले मासिक वा त्रैमासिक रूपमा असुली गर्न कर्जाको किस्ता र ब्याज असुली नहुँदा बैंकहरूमाा नगद भित्रिने समस्या बढेको छ ।

कोभिड-१९ मा उद्यमी व्यवसायीलाई राहत दिन केन्द्रीय बैंकले कर्जामा २ प्रतिशत ब्याज छुट दिने, लकडाउन अवधिपछि भुक्तानी अवधि समाप्त भएका कर्जामा पेनाल ब्याज नलाग्ने, कर्जाको किस्ता बुझाउने अवधिमा सहुलियत दिने आदि निर्णय गरेको छ, जुन आउने मौद्रिक नीतिबाट ठोस ढंगले उल्लेख हुने देखिन्छ ।

बैंक तथा वित्तीय क्षेत्र स्वाभाविक रूपमा यतिबेला प्रभावित भएको देखिन्छ । खासगरी कर्जा प्रवाहमा कमी र पाकेको ब्याज समयभित्र असुली नहुँदा बैंकहरूको मुनाफामा असर पर्ने देखिएको छ । अर्बभन्दा बढी रकम मुनाफा गरिरहेका बैंकहरूलाई भने नाफाको हिस्सा केही घटे पनि खास फरक नपर्न सक्छ, तर भर्खरै मात्र मुनाफातर्फ गएका बैंक तथा वित्तीय संस्थाहरूलाई भने चुनौती खडा हुने देखिएको छ ।


यद्यपि कोभिड-१९ बाट उत्पन्न भएको चुनौतीसँगै लकडाउन खुकुलो हुँदै जनजीवन सामान्य हुन थालेपछि आर्थिक गतिविधिको वृद्धिसँगै बैंकिङ क्षेत्रका लागि लगानी गर्ने प्रचुर सम्भावना र अवसर सिर्जना हुने देखिन्छ । खासगरी सरकारले बजेटमार्फत अगाडि सारेको रोजगारमूलक कार्यक्रमका लागि ५ प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन बैंकहरूले ठोस योजना बनाएर लाग्न जरुरी छ । यस्तै कोभिड-१९ का कारण वैदेशिक रोजगारीमा गएका १०-१५ लाख श्रमिक फिर्ता भई आउने जुन स्थिति छ, यसलाई बैंकहरूले अवसरका रूपमा लिएर उत्पादनशील र रोजगारी वृद्धि गर्ने कृषि र साना घरेलु उद्योग आधारित क्षेत्रमा व्यापक लगानी विस्तार गर्ने ठोस योजना बनाउन जरुरी छ ।

अब मुलुकको आर्थिक विकासको अपरिहार्यताका आधारमा बैंकहरूले उपभोग्य, सवारी साधन, हायर पर्चेजजस्ता क्षेत्रमा होइन, उत्पादनशील क्षेत्रमा व्यापक लगानी गर्ने, निर्यातजन्य उद्योगतर्फ लगानी केन्द्रित गरी आयात प्रतिस्थापन गर्न मद्दत पुग्ने हिसाबले लगानी नीतिलाई अगाडि सार्न जरुरी छ ।

बैंकहरूले लगानीयोग्य साधन वृद्धि गर्न पुराना ऋणीहरूलाई थप छुट र सहुलियत प्रदान गरी कर्जा असुलीमा तीव्रता ल्याउने, बचत कर्ताहरूलाई निक्षेपमा थप उत्प्रेरणा प्रदान गर्ने गरी ब्याजदरमा वृद्धि गर्ने, आवश्यकताका आधारमा बाह्य स्रोतबाट पुँजी जुटाउने योजना बनाउने तथा बैंक स्प्रेड दर ४ प्रतिशतभन्दा मुनि नै कायम गरी बैंक कर्जालाई सरलीकरण गर्ने नीति अवलम्बन गर्न आवश्यक छ । यस्तै अझै पनि ३५-४० प्रतिशत जनसंख्यामा बैंकिङ पहुँच पुग्न नसकेको स्थितिमा अब हरेक गाउँपालिका हुँदै घना बस्ती र सहरीकरण हुँदै गएका नयाँ ठाउँमा सेवा प्रदान गर्न बैंकका नयाँ शाखाहरूको स्थापना गरेर मात्रै अर्थतन्त्रमा मौद्रिकीकरण गर्न सकिन्छ र अनि मात्रै अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्न सकिन्छ । बैंकहरू खुल्ने क्रमसँगै बैंकहरूमा बढेको सञ्चालन खर्चलाई घटाउन जरुरी छ । लगानीकर्ता र सर्वसाधारणको निक्षेपबाट सञ्चालन हुने बैंकहरूमा प्रमुख कार्यकारी अधिकृतहरूलाई दिइने उच्च दरको तलब पारिश्रमिक, उच्च अधिकृतहरूलाई सवारी साधनका सुविधा र फर्निसिङलगायतका क्षेत्रमा हुने खर्चले पनि लागत बढाएको छ ।

तसर्थ बैंकिङ क्षेत्रमा पनि खर्चमा न्यूनता ल्याउने र मितव्ययिता अवलम्बन गर्न जरुरी छ । यसो हुँदा मात्रै ग्राहकवर्ग थप लाभान्वित हुनेछन् । यस्तै कोरोनाको महामारीका बेला मोबाइल बैंकिङ सेवा विस्तार गरेर ग्राहकवर्गलाई घरघरबाटै सेवा पाउन सक्ने गरी सेवा प्रदान गर्न जरुरी छ । आशा गरौं, नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्षका लागि अवलम्बन गर्ने मौद्रिक नीतिले बैंक तथा वित्तीय क्षेत्रका लागि बजेटले परिलक्षित गरेको उद्देश्य र क्षेत्रगत कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न ठोस नीति अगाडि सार्ने अपेक्षा लिन सकिन्छ ।

# ‘महामारीविरुद्धको अभियानमा ट्रम्प असहयोगी’



**अमेरिका/एजेन्सी–** अमेरिकाका वरिष्ठ सरुवा रोग विशेषज्ञ तथा कोरोना भाइरसविरुद्धको अभियानका शीर्ष सल्लाहकार डा. एन्थोनी फाउचीले महामारीविरुद्धको अभियानमा अमेरिका ‘गलत’ दिशा तर्फ लागेको भन्दै चिन्ता व्यक्त गरेका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पले हालै सामाजिक सञ्जलामा कोरोना भाइरसको संक्रमण रोक्नका लागि मास्क आवश्यक नरहेको सहितका गलत दाबी गरिएको भिडियो साझा गरेका थिए । सो कार्य कोभिड-१९ विरुद्धको लडाईंका लागि उपयुक्त वा सहयोगी नरहेको डा. फाउचीले बताएका छन् ।

ट्रम्पले साझा गरेको भिडियोमा मास्कको विरोध गर्नुका साथै वैज्ञानिक तथा स्वास्थ्यविज्ञले अस्वीकृति गरेको र कुनै पनि वैज्ञानिक प्रमाण नभएको औषधि कोरोना भाइरसको उपचारमा प्रभावकारी हुने दाबी गरिएको थियो । सो भिडियोमा मलेरियाको उपचारमा प्रयोग हुने हाइड्रोक्सिक्लोरोक्वीन कोभिड-१९ का लागि उपयुक्त हुने दावी प्रस्तुत गरिएको थियो, जुन औषधिको ट्रम्प लामो समयदेखि प्रवक्ता रहँदै आएका छन् ।

तर डा. फाउचीले बिबिसीसँगको अन्तर्वार्ताको क्रममा गम्भीर चासो र चिन्ता व्यक्त गरेका हुन् । गएको सोमबार ट्रम्पसहित ‘अमेरिकाज् फ्रन्टलाइन डक्टर्स’ नामक समूहले हाइड्रोक्सिक्लोरोक्वीनको समर्थन गरेर बनाएको सो भिडियो सेयर गरेका थिए ।सो भिडियो हाल फेसबुक र ट्वीटरले हटाएका छन् । गलत सूचना दिएको भन्दै भिडियो हटाइए पनि १७ मिलियन भन्दा बढीले हेरिसकेका थिए ।

डा. फाउचीले भनेका छन्, ‘मैले यो ट्वीट र रिट्वीट अहिलेसम्म बुझेको छैन र यसमा म सहभागी पनि छैन । तर जे ट्वीट वा साझा गरियो त्यो कोरोना भाइरसविरुद्धको युद्धका लागि सहयोगी पक्कै थिएन, म यो चाहिँ भन्न सक्छु ।’

उनले भने, ‘मास्क प्रयोग गर्न नपर्ने पक्षमा सुझाउने खालको भिडियोको पक्षमा म हुँदिन, किनकी हामी सबै मानिसले मास्क लगाउन् भन्ने चाहन्छौँ, यसो गर्दा संक्रमण धेरै हदसम्म रोक्न सकिन्छ ।’डा. फाउची र राष्ट्रपति ट्रम्पबिचको सम्बन्ध राम्रो छैन । ट्रम्पले लगातार डा. फाउचीसहितका आफ्नै विज्ञहरुको सुझाव विपरित कोरोना भाइरसका सम्बन्धमा गलत र भ्रामक अभिव्यक्ति दिँदै आएका छन् ।

विश्वमै महामारीबाट सबैभन्दा बढी प्रभावित भएको अमेरिकामा अहिलेसम्म कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या ४५ लाख ६८ हजार भन्दा बढी पुगेको छ । त्यसमध्ये एक लाख ५३ हजार ८ सय भन्दा धेरैको ज्यान गएको छ । विश्वभर संक्रमितको संख्या एक करोड ७२ लाख भन्दा धेरै पुगेको छ भने त्यसमध्ये ६ लाख ७१ हजार भन्दा धेरैको ज्यान गएको छ ।

# जर्मनीबाट १२ हजार सैनिक फिर्ता लैजाँदै अमेरिका





**वासिङ्टन/एजेन्सी-** अमेरिकाले जर्मनीबाट आफ्ना झण्डै १२ हजार सैनिक फिर्ता लैजाने भएको छ । युरोपमा आफ्ना सैनिकको तैनाथीमा ‘रणनीतिक’ परिवर्तन तथा तैनाथी परिवर्तनका लागि यस्तो गर्न लागिएको अमेरिकाले बताएको छ । जर्मनीबाट फिर्ता बोलाइने मध्ये झण्डै ६४ सय सैनिक अमेरिका फिर्ता हुने छन् । बाँकी सैनिकलाई इटाली र बेल्जियमसहितका नेटोमा आबद्ध देशमा तैनाथ गरिने छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सैनिक फिर्ता बोलाउने निर्णय गर्नुमा जर्मनीले नेटोका खर्चका लागि गर्नु पर्ने सहयोगको तह पूरा गर्न नसक्नु कारक रहेको उल्लेख गरेका छन् । तर विपक्षीले कंग्रेसमा ट्रम्पको यो निर्णयको विरोध गरेका छन् । उनीहरुका अनुसार जर्मनीबाट सैनिक हटाउँदा रुसलाई प्रोत्साहन मिल्ने छ र जुन अमेरिकाको हितमा हुने छैन । जर्मनीका उच्च अधिकारीहरुले पनि चासो व्यक्त गरेका छन् ।

ट्रम्पले भने आफ्नो निर्णयको बचाउ गर्दै बुधबार ह्वाइट हाउसमा पत्रकारसँग भने, ‘हामी अब पनि प्रयोग हुन चाहँदैनौं । हामीले सैनिक घटाउँदै छौं, अब उनीहरुको बिल हामी तिर्न सक्दैनौं ।’ ट्रम्पले लामो समयदेखि नेटोका युरोपियन सदस्य राष्ट्रले आफ्नो सुरक्षा खर्च आफै बेहोर्नु पर्ने बताउँदै आएका छन् । नेटो राष्ट्रहरु अमेरिकी सैनिकका भर पर्न नहुने उनले बताउने गरेका छन् ।

ट्रम्पले यस्तो बताए पनि रक्षा मन्त्री मार्क एस्परले भने फरक विचार प्रस्तुत गरेका छन् । युरोपियन क्षेत्रमा अमेरिकी सैनिकको उपस्थितिलाई थप प्रभावकारी बनाउने बृहत योजना अनुसार सैनिकहरुको तैनाथीलाई व्यवस्थित लागिएको उनले दाबी गरेका छन् ।

# भारतमा एकैदिन थपिए ५२ हजार बढी संक्रमित




**भारत/एजेन्सी–** भारतमा ‘कोभिड १९’ सङ्क्रमितको संख्या १५ लाख ९० हजार नाघेको छ । गत २४ घण्टामा भारतका ५२ हजारभन्दा बढी व्यक्तिमा कोरोना भाइरस पोजेटिभ देखिएपछि सङ्क्रमितको संख्या १५ लाख ९० हजार नाघेको त्यहाँको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । भारतमा गत २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणका कारण ७७५ जनाको मृत्यु भएपछि कुल मृतकको संख्या ३५ हजार नाघेको छ ।

सरकारी अधिकारीहरुका भारतमा कोरोना भाइरस सङ्क्रमित मध्ये १० लाख २३ हजार भन्दा बढी व्यक्ति निको भएर फर्किएका छन् । हाल भारतमा ५ लाख ३१ हजार बडी व्यक्ति कोरोना भाइरस सङ्क्रमित अवस्थामा रहेका छन् ।

भारतको महाराष्ट्र सबभन्दा प्रभावित बढी कोरोना भाइरस सङ्क्रमण राज्यको रुपमा रहेको छ । महाराष्ट्रमा बुधबार एकै दिनमा नौ हजार २ सय बढी व्यक्ति थप सङ्क्रमित भएका छन् भने एकै दिनमा २९० भन्दा बढीको मृत्यु भएको छ । महाराष्टमा चार लाख ६ सय बढी व्यक्ति सङ्क्रमित अवस्थामा रहेका छन् भने दुई लाख ७ सय भन्दा बढी व्यक्ति निको भएर घर फर्किएका छन् । हाल महाराष्ट्रमा एक लाख ४६ हजार भन्दा बढी व्यक्ति सङ्क्रमित अवस्थामा नै रुहेका छन् भने कोरोना सङ्क्रमणको कारण हालसम्म १४ हजार ४ सय बढी व्यक्तिको मृत्यु भइसकेको छ ।

कोरोना भाइरस प्रभावित भारतको दोस्रो राज्य तमिलनाडूमा दुई लाख ३४ हजार भन्दा बढी व्यक्तिमा सङ्क्रमण भएको छ र राजधानी शहरसमेत रहेको दिल्ली राज्यमा एक लाख ३२ हजार २ सय बढी व्यक्तिमा सङ्क्रमण भएको छ ।

# स्मार्टफोन बिक्रीमा हुवावेले सामसुङलाई उछिन्यो




**बेइजिङ/एजेन्सी–** चीनको स्मार्टफोन निर्माता कम्पनी हुवावेले यस वर्षको दोस्रो त्रैमासिक अवधिमा स्मार्टफोन बिक्रीमा नयाँ विश्व रेकर्ड कायम गरेको छ । स्मार्टफोन बिक्रीको अनुगमन गर्ने क्यानालिसका अनुसार हुवावेले सामसुङलाई पछि पार्दै पहिलो पटक नयाँ रेकर्ड बनाएको हो ।

क्यानालिसका अनुसार अमेरिकी प्रतिबन्धको सामना गरिरहेको हुवावेले ५ करोड ५८ लाख थान स्मार्टफोन अन्यत्र पठाएको छ । जबकी सामसुङले यही अवधिमा ५ करोड ३७ लाख थान स्मार्टफोन निर्यात गरेको छ ।

अमेरिकी प्रतिबन्धका कारण हुवावेका मोबाइल सेटहरुको विदेशमा बिक्री घटेको छ, तर स्वदेशमा हुवावेका सेटहरुको माग तिब्र छ । हुवावेका सेटहरुमध्ये ७० प्रतिशतभन्दा बढी चीनमै बिक्री भइरहेका छन्, क्यानालिसले जनाएको छ ।

क्यानालिसका अनुसार हुवावेका स्मार्टफोनको निर्यात दोस्रो त्रैमासिक अवधिमा झण्डै एक तिहाईले घटेको छ । क्यानालिसका विश्लेषक मो जियाले चिनियाँ बजारले मात्र हुवावेलाई विश्वको पहिलो श्रेणीको स्मार्टफोन निर्माता कम्पनीका रुपमा टिकाइराख्न नसक्ने चेतावनी दिएका छन् ।

दुरसंचार नेटवर्किङ उपकरण उत्पादनमा बर्चश्व कायम गर्न थालेको हुवावेलाई लिएर संयुक्तराज्य अमेरिका र चीनबीच विवाद पनि बढेको छ । अमेरिकाले हुवावेका कारण विश्वमै साइबर सुरक्षामा चुनौती खडा हुने चेतावनी दिँदै आएको छ । अमेरिकाले हालैमात्र हुवावेलाई अमेरिकी बजारमा प्रतिबन्ध लगाएको छ भने यस कम्पनीलाई एक्ल्याउन विश्वव्यापी अभियान नै संचालन गरिरहेको छ ।

# मध्य नाइजेरियामा १४ जनाको हत्या



**अबुजा/एजेन्सी–** बन्दुकधारीको एक समूह (ग्याङ) ले नाइजेरियाको कोगी राज्यमा आक्रमण गरी १४ जना गाउँलेको हत्या गरेका छन् । राज्यका प्रहरी प्रमुख एडी आयुबाका अनुसार मारिएकामध्ये १३ जना एकै परिवारका सदस्य छन् । उनीहरु कोगी प्रान्तको आग्बुडु गाउँका निवासी रहेको पनि आयुबाले बताए ।

प्रहरी प्रमुख आयुबाले बन्दुकधारीको आक्रमणका कारण अरु छ जना गम्भीर घाइते भएका छन् । आक्रमण गर्नुको खास कारण अझै थाहा हुन सकेको छैन । हत्या गरिएका सबैलाई बन्दुकको गोली लागेको छ । प्रहरी प्रमुख आयुबाले सुरक्षाकर्मीहरु उक्त गाउँमा पुग्नुअघि नै आक्रमणकारीहरु फरार भएको बताए । उनले घटनाको अनुसन्धान सहित आक्रमणकारीको खोजी भइरहेको जानकारी दिए ।

# ब्राजिलमा कोरोनाबाट ९० हजार बढीको मृत्यु




**ब्राजिल/एजेन्सी–** विश्वव्यापी महामारी कोरोना भाइरसको प्रभाव ब्राजिलमा पछिल्लो समयमा निकै देखिएको बताइएको छ । ब्राजिलमा २४ घण्टा यता मात्र करिब ६९ हजार जनामा कोरोना भाइरसको संक्रमण देखिएको प्राप्त पछिल्लो समाचारमा जनाइएको छ । गएको २४ घण्टामा यहाँ १ हजार ५ सय भन्दा बढी व्यक्तिको कोरोना भाइरसका कारण निधन भएको छ ।

योसँगै ब्राजिलमा अब कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या ९० हजार नाघेको छ । ब्राजिलमा योसँगै सङ्क्रमणबाट मृत्यु हुनेको संख्या ९० हजार नाघेको बिहीबार प्राप्त भएको समाचारमा स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन् ।

सङ्क्रमितको संख्या यहाँ २५ लाख नाघेको पनि ब्राजिलका स्वास्थ्य अधिकारीहरुले जनाएका छन् । बिहीबार दिएको जानकारीअनुसार यहाँका ९० हजार भन्दा बढीले कोरोनाकै कारण ज्यान गुमाएका छन् । ब्राजिलमा अमेरिकापछि सबैभन्दा बढी कोरोना प्रभावित देश हो । यहाँ अझै ठूलो संख्यामा नागरिक सङ्क्रमित भएको आशंका गरिएको छ । तर पनि परीक्षणको संख्या बढाउनुपर्ने उनीहरुको भनाइ छ ।

कतिपयले ब्राजिलका राष्ट्रपति जैर बोल्सेनारोले कोरोनाको सङ्क्रमणलाई गम्भीरताका साथ नलिएका कारण यस्तो अवस्था आएको बताएका छन् । यहाँ शुरु शुरुमा लकडाउन गरिएको थिएन । ब्राजिलका राष्ट्रपति जैर बोल्सेनारोले लकडाउनको विरोध गर्नेहरुलाई समर्थन गरिरहेको आरोप लगाइएको थियो । यसै कारणले पनि यहाँ ठूलो संख्यामा सङ्क्रमण फैलिएको बताउने गरिएको छ । हाल ब्राजिलमा दैनिक ५० हजार भन्दा बढी मानिस सङ्क्रमित हुने गरेका छन् ।


# एयरबस र शेल कम्पनीमा अर्बौं डलर नोक्सानी

**पेरिस/एजेन्सी–** युरोपेली हवाई जहाज निर्माता एयरबस कम्पनीले पहिलो छ महिनामा करिब २ अर्ब २० करोड अमेरिकी डलर खुद नोक्सानी व्यहोर्नु परेको जनाएको छ । कोरोनाभाइरस महामारीका कारण बिमान बिक्री दुई गुणाले कमी आएपछि कम्पनी घाटामा गएको हो । एयरबसले यस वर्षको पहिलो छ महिनामा करिब १२ अर्ब ४० करोड युरो बराबरको सम्पत्ति प्रयोग गरेको पनि जनाएको छ ।

कम्पनीले जारी गरेको वक्तव्यमा कम्पनीले अबलम्बन गरेका नयाँ उपायहरुका कारण यस वर्षको बाँकी छ महिनाको अवधिमा नोक्सानीमा कमी आउने विश्वास लिइएको उल्लेख छ । यसैबीच, ऊर्जा क्षेत्रको विशाल कम्पनी रोयल डच शेलको पनि यस वर्षको दोस्रो त्रैमासिक अवधिमा करिब १८ अर्ब डलर खुद नोक्सानी भएको कम्पनीले जनाएको छ ।

अघिल्लो वर्ष कर भुक्तानीपछि करिब ३ अर्ब डलर नाफा कमाएको शेलले कोरोनाभाइरसका कारण तेलको मूल्यमा आएका उतारचढावपछि ठूलो नोक्सानी भएको कम्पनीले जनाएको छ ।

# अमेरिकी सदनमा मास्क अनिवार्य



**वासिङ्टन/एजेन्सी-** अमेरिकाको कांग्रेसले आफ्नो सबै सदस्य र कर्मचारीहरुलाई मास्क अनिवार्य लगाउनलाई आदेश दिएको छ । तल्लो सदनकी सभामुख न्यान्सी पेलोसीले नयाँ नियम तोड्नेलाई संसद भवनको चेम्बरबाट निश्कासन गर्ने चेतावनी दिएकी छन् । संसद भवनमा बिना मास्क आउने टेक्सासबाट प्रतिनिधित्व गर्ने रिपब्लिकनका लुई गोमर्टलाई बुधबार कोरोना भाइरस संक्रमण पाजेटिभ देखियो । उनी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग यात्रा गर्ने योजनामा थिए ।

डेमोक्रेटिक पार्टीकी न्यान्सीले बुधबार साँझ भनेकी छन्, ‘सदस्यहरुलाई जब मात्र मास्क फुकाल्ने अनुमति छ जब उनीहरु संसदको चेम्बरबाट बाहिर निस्कन्छन्, सबै सदस्य र कर्मचारीले यो जरुरी नियमको पालना गर्नेछन्, यसो गर्दा चम्बरको आसपासको क्षेत्रमा उपस्थित अन्य मानिसहरुको स्वास्थ्य र सुरक्षाको सम्मान हुन्छ ।’


## सूचना ! सूचना !! सूचना !!!

**बालविकास समाज**, कपन, काठमाडौंको ३०औं वार्षिक साधारणसभा एवं ८औं महाधिवेशन निम्न मिति, समय र स्थानमा हुने भएकोले यस संस्थाका सम्पूर्ण आजीवन सदस्यज्यूहरु, कार्य समिति सदस्यज्यूहरु तथा सल्लाहकारज्यूहरुमा यसै सूचना मार्फत अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम हुने:-**

**मिति**: २०७७ भाद्र २० गते, शनिबार (5th September 2020)
**स्थान**: नेपाल साँस्कृतिक संघको भवन,
कालिकास्थान, डिल्लीबाजर, काठमाडौं
**समय**: दिनको ठिक १:०० बजे
**सर्म्पक नं**: ०१-४८२०९३८, ९८५१०८६३९०, ९८०१२४०३७१

**सुवास गौतम**
**अध्यक्ष**
**९८५१०२४६२८**

## फाइन जब रिक्रुटमेन्ट प्रा. लि.को सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **फाइन जब रिक्रुटमेन्ट प्रा. लि.** श्रम इजाजत पत्र नं.: **११८०/०७३/०७४** ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | कतार | १४३ | ६० | २०३ |
| २. | यूएई | ३८ | ० | ३८ |
| ३. | बहराइन | ४ | ० | ४ |
| | कुल जम्मा | १८५ | ६० | कुल जम्मा २४५ जना |

**Fine Job Recruitment Pvt.Ltd.**
श्रम इजाजत नं. ११८०/०७३/७४
P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722
Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np

## कोशी इन्टरनेशनल सर्भिसेज् प्रा. लि.को सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **कोशी इन्टरनेशनल सर्भिसेज् प्रा. लि.** श्रम इजाजत पत्र नं.: **४९८/०६१/०६२** ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | मलेसिया | १५६४ | ० | १५६४ |
| २. | कतार | १३४ | ८ | १४२ |
| ३. | यूएई | ४६४ | १०४ | ५६८ |
| ४. | साउदी | ११४ | ० | ११४ |
| ५. | जापान | २ | ० | २ |
| | कुल जम्मा | २२७८ | ११२ | कुल जम्मा २३९० जना |

**कोशी ईन्टरनेशनल सर्भिसेज् प्रा. लि.**
श्रम इजाजत नं. ४९८/०६१/०६२
फुर्तिमान मार्ग, विशालनगर- ४, काठमाडौं, नेपाल, फोन: ४४२३६०३, ४४२३६०४

## नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७१/०६/२९ मा दर्ता भएको **प्रा.लि. नं. १२७४३१** को **आनन्द गेष्ट हाउस प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

(तेस्रो पटक प्रकाशित मिति २०७७/०४/१८)

यस कम्पनीको मिति २०७७/०२/३२ मा सम्पन्न विशेष वार्षिक साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनीको नाम **रेखाङ्कन इञ्जिनियरिङ्ग प्रा.लि. (प्रा.लि. नं. १८६१४८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यर्होनुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०४/०७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रेखाङ्कन बिल्डर्स प्रा.लि. (प्रा.लि. नं. १८६१४८)** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

# बक्स अफिस समाचार

## तीज गीतमा 'कोरोना'




**रामबहादुर थापा/रासस**
बाग्लुङ, १५ साउन

*(सवाल)*
***'रातो सारी लर्काउँदै, घरमै कम्मर मर्काउँदै***
***शिरै फूल सजाउ भन्छु है***
***कोरोनाको डर छ सानु, घरमै बस्नुपर्छ सानु***
***मत माइत नजाउ भन्छु है'***

*(जवाफ)*
***'सेनीटाइजर घसेर, स्कुटीमा बसेर***
***मत माइत जान्छु, जान्छु है'***

तीज गीतमा प्रयुक्त दम्पतीको संवाद हो यो। कोरोनाबीच तीज पर्व आएको छ। पति माइत नजाउ भन्छन्, जीवनसङ्गिनी जाने जिद्धी गर्छिन्। एकातिर कोरोनाको डर देखाउँदै घरमै बस्नुपर्ने आग्रह छ। सुरक्षित भएर माइत जाने, आमासँगै बसेर दर खाने रहर अर्कातिर छ। गीतले सजगतापूर्वक तीज मनाउनुपर्ने सन्देश दिन्छ।

***'डराएर हुन्न सानु, कोरोनाले छुन्न सानु***
***दिक्क लाग्यो घरै बसेर***
***खुशी हुँदै बाँच्नुपर्छ, साथीसङ्गी नाच्नुपर्छ***
***दुईचार मिटर परै बसेर'***

तीज पर्वको छेकोमा सार्वजनिक यस गीतमा बद्री पङ्गेनी र कबिता अर्यालको स्वर छ। नवीन लामिछानेले रचना गर्नुभएको गीतमा पङ्गेनीकै सङ्गीत छ। गीतको म्युजिक भिडियोले युट्युबमा झण्डै दुई लाख भ्यूज बटुलेको छ। गायिका प्रिया भण्डारीको एकल गायन रहेको तीज गीत 'लकडाउन' युट्युबमा भेटिन्छ। गीतमा पनि कोरोना कहर अभिव्यक्त छ।

***'आमाबुबा, दिदीबहिनी सुन्नुहोला दाजुभाइ***
***कोरोनाले केके गर्‍यो भन्छु सबैलाई***
***कस्तो रोग आयो बरै नामै पनि कोरोना***
***टाढै बस्न पर्ने अरे हुन्न रे छुन'***

चिरन बरालको शब्द/सङ्गीत रहेको यस गीतमा कोरोनाले जनजीवनमा पारेको असर/प्रभावलाई उठान गरिएको छ। पुरानो तीजलयमा गायिका भण्डारीले स्वर दिएका छन्। एकल गायनले परम्परागत तीज गीतको झल्को दिन्छ। 'तीज महामारी काण्ड' अर्को तीज गीत हो जसले प्रवासी नेपालीको कथा भन्छ। प्रदेशबाट आएको छोरा आँगनछेउ आइपुग्छ। आमालाई ढोग्न खोज्छ। आमाले ढोग्न नदिइ आँगनबाटै फर्काउँछिन्। त्यो दृश्यले मन छुन्छ।

***आमा भन्छिन् – 'किचिएकी छुनी छोरा मत पीरको भारीले***
***आफ्नो अर्को भन्दो रैन्छ महामारीले***
***केही दिन त आराम गर क्वारेन्टिनमा गएर***
***अनि घर बस्न हुन्छ ढुक्क भएर'***

वर्षौपछि छोरा घर आउँदासमेत आमा र परिवारजनमा कुनै हर्ष छैन। कोरोनाको त्रास छ। जीवनसङ्गिनी र लालाबाला पनि नभेटी क्वारेन्टिनमा जानुपर्ने बाध्यता छ। कोरोनाले निम्त्याएको सामाजिक असरलाई गीतले उधिनेको छ। छोराको दुःखेसो छ –'बल्लबल्ल फर्कि आएँ गाको तीन चार वर्षमा घरमा आउँदा कोही पनि छैनन हर्षमा'

गीतमा पुरुषोत्तम पौडेल, शर्मिला गुरुङ, देवी घर्ती र खेम सेञ्चुरीको स्वर छ। नेत्र



अर्यालको सङ्गीत रहेको उक्त गीतमा गायक सेञ्चुरीकै सङ्गीत छ। पुरुषोत्तम पौडेलको युट्युब च्यानलबाट सार्वजनिक यो गीतले हालसम्म ४० लाख बढी 'भ्यूज' पाएको छ।

गायिका अञ्जु पन्तले गाएको तीज गीत 'आमाले नदुखाउनु मन'मा कोरोनाका कारण पति गुमाउनु परेपछिको नारीको बिलौना सुन्न पाइन्छ। 'गोरे' नाम गरेका युवा कोरोना सङ्क्रमित भएर गाउँ फर्कन्छन्। उनी घर जान खोज्छन्। बाटैबाट उनलाई आइसोलेशन कक्षमा लगिन्छ। रोगले थलिँदै गएपछि गोरेले मृत्युवरण गर्न पुग्छन्। पति वियोगको शोकमा उनकी जीवनसङ्गिनी मूर्छित हुन्छिन्। तीजमा माइत जान नपाउँदको बेदना गीतमार्फत पोख्छिन्।

हिजो गरिबी र भोकले मुख छोप्दै विदेशिएको गोरे आज महामारीले मुख छोपेर फर्कनुपरेको पीडादायी क्षणको वर्णन गीतमा छ। गोरेको चरित्रमा कलाकार मनोज कार्की र उनकी जीवनसङ्गिनीका रुपमा करिष्मा ढकालको अभिनय जीवन्त छ। गाउँले परिवेशमा गरिएको भिडियो छायाङ्कनले गीतमा प्राण भरेको छ। गायिका पन्तको एकल स्वर रहेको उक्त गीतमा रचना र सङ्गीत गायक/सङ्गीतकार श्रीकृष्ण बम मल्लको छ। मल्लको आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गीतलाई दर्शक/स्रोताले रुचाएका छन्।

गत वर्षको तीजमा बीच्च-बीचमा गीतमार्फत चर्चा कमाएका गायक दुर्गेश थापाले यसपाली कोरोनाले जनजीवनमा पारेको असरलाई लिएर तीज गीत सार्वजनिक गरेका छन्। बीच्च बीचमा-२ नाम दिइएको उक्त गीतले सार्वजनिक भएको केही सातामै युट्युबमा ७१ लाखभन्दा बढी भ्यूज पाएको छ।

कोरोना महामारी रोकथामका लागि भइरहेका प्रयासमाथि थापाले गीतमार्फत व्यङ्ग्य गरेका छन्। बन्दाबन्दीका कारण कमाइ नभएकाले तीज पर्व मितव्ययी भएर मनाउनुपर्ने सन्देशसमेत गीतले दिएको छ।

गीतको म्युजिक भिडियोमा गायक थापासहित जीवन साहानी क्षेत्री, सरिता केसीलगायतका कलाकारको अभिनय छ। गाइजात्रे तीज गीतका रुपमा सार्वजनिक गायक थापाकै 'बीच्च बीचमा-३' लाई पनि दर्शक/स्रोताले रुचाएका छन्।

उक्त गीतको म्युजिक भिडियोले पनि युट्युबमा ३५ लाख बढी भ्यूज कमाएको छ। गीतमा कोरोनालगायत नेपाली समाजका ज्वलन्त विषयमाथि व्यङ्ग गरिएको छ।

कुनैताका नारीका दुःख, बेदना कहलिने माध्यमका रुपमा लिइने तीज गीतले पछिल्लो समय बहुल विषय र भावलाई मुखरित गर्न थालेको छ। विश्वलाई आक्रान्त पारिरहेको कोरोनाका अनेक पाटा, पक्षलाईसमेत यसले पकड्न भ्याएको छ।

कतै सन्देशका रुपमा कतै व्यङ्ग त कतै दुःख, बेदनाको शैलीमा कोरोना प्रकट भएको छ। ऐतिहासिक पर्व गीतको उपमा पाएको तीज गीतमा कोरोनाले नयाँ विषयवस्तु थपिदिएको छ। तीजको मौसमी सङ्गीत बजारमा यी खाले गीतको भिन्नै प्रभाव छ।

## निश्चलको 'दिमाग खराब' नबन्ने पक्का



**काठमाडौं/मस–** निर्देशक तथा अभिनेता निश्चल बस्नेत फिल्म 'दिमाग खराब' बनाउने तयारीमा थिए। तर, चलचित्र विकास बोर्डबाट निर्माण इजाजत नै नलिइ फिल्मको घोषणा गरेपछि यो नाम अर्कै कम्पनीले दर्ता गर्‍यो। यसपछि निश्चलले 'लुट २' निर्देशन गरे। बोर्डमा नाम दर्ता गराएको तीन वर्षसम्म फिल्म नबने निर्माण इजाजत स्वतः रद्द हुने प्रावधान छ।

'दिमाग खराब' तीन वर्षसम्म निर्माण नभएपछि निश्चलले यो नाम आफैंले निर्माण र निर्देशन गर्ने गरि विकास बोर्डमा दर्ता गरे। यसपछि उनी स्क्रिप्ट लेखनमा बसे। केही कलाकारसँग मौखिक सहमति समेत भइसकेको थियो। तर, आफूले लेखेको स्क्रिप्ट आफैंलाई चित्त नबुझेपछि उनी निर्देशनबाट पछाडि हटे। यसपछि यो नाममा फिल्म बनाउन निर्देशक सिमोस सुनुवार कसिए।

निश्चलले निर्माण र सिमोसले निर्देशन गर्ने गरि उनीहरुबीच सहमति भएको थियो। फिल्ममा निश्चल र अभिनेत्री स्वस्तिमा खड्का प्रमुख भूमिकाका लागि फाइनल भएका थिए। तर, अब यो फिल्म नबन्ने भएको छ। निर्देशक सुनुवार स्वयंले यसको जानकारी दिएका हुन्। उनका अनुसार, फिल्मको कन्सेप्ट एक बलिउड फिल्मसँग मिल्दोजुल्दो भएपछि 'दिमाग खराब' नबन्ने भएको हो।

निर्देशक सुनुवारले भने, 'फिल्मको स्क्रिप्ट लगभग 'लक' भइसकेको थियो। त्यही बेला बलिउड फिल्म 'मोतीचुर चकनाचुर' रिलिज भयो। यो फिल्मसँग 'दिमाग खराब'को कन्सेप्ट धेरै हदसम्म मिल्न गयो। यसपछि हाम्रो योजना पनि चकनाचुर भयो। फिल्ममा निश्चल विदेशबाट फर्किएको युवक र स्वस्तिमा विदेश जान मरिहत्ते गर्ने युवतीको भूमिकामा देखिँदै थिए।'

'दिमाग खराब' नबन्ने भएपछि निर्देशक बस्नेत यतिबेला आफैं फिल्म निर्देशनको तयारीमा जुटेका छन्। लेखक बुद्धिसागरले तयार पारेको स्क्रिप्टमा उनले नयाँ फिल्म बनाउन लागेका हुन्। फिल्ममा दयाहाङ राई, स्वस्तिमा खड्कालगायतको अभिनय हुनसक्ने चर्चा छ। आउँदो दशैंपछि फिल्मको छायांकन हुने बुझिएको छ। 'लुट २' पछि निश्चल फिल्म निर्देशनमा फर्किन लागेका हुन्।

## कौडालको 'मनको बोह' रेकर्ड गरियो



**तनहुँ/मस–** दुर्गानिधी कौडाल (नवराज)ले रचना गरेको 'मनको बोह' बोलको गीत रेकर्ड गरिएको छ। गीतकार तथा सङ्गीतकार डा. श्यामसुन्दर चौधरीको आवाजमा उक्त गीतको शनिबार रेकर्ड गरिएको हो।

तनहुँको व्यास १४ घर भई अहिले साइप्रसमा रहेका कौडालले गजल, आधुनिक र रोइला गीत रचना गरिसकेका छन्। यस अगाडि कौडालले आधुनिक गजल 'भन्छन् नि त दुनियाँले', रोइला 'चुलबुले' र लोक तथा आधुनिक 'मर्म' गीत रचना गरिसकेका छन्।

## 'गाईजात्रा विशेष कार्यक्रम' शुरु



**काठमाडौं/मस–** बिहीबारदेखि 'गाईजात्रा विशेष कार्यक्रम' शुरु भएको छ। उत्प्रेरणा र हौसलाको सांस्कृतिक पर्व गाईजात्राको अवसर पारेर 'ब्राण्डवर्थ प्रालि'ले आयोजना गरेको यो कार्यक्रम साउन १५ (बिहीबार)देखि शुरु भई २२ गतेसम्म दैनिक साँझ ८ बजे एपिवान टेलिभिजनमार्फत् प्रसारण हुनेछ। साथै युट्युब च्यानल-गजुरेलमार्फत् समेत प्रसारण गरिनेछ।

कोरोना संक्रमण फैलावटको जोखिम न्यूनीकरणका लागि सरकारले अपनाएको मापदण्डभित्र रहेर डिजिटल माध्यमबाट मनोरञ्जन प्रदान गर्न लागिएको आयोजक ब्राण्डवर्थ प्रालिका प्रमुख कार्यकारी निर्देशक मोहन गजुरेलले जानकारी दिए।

विश्व नै कोरोनाको संक्रमणबाट प्रभावित भएको अवस्थामा आममानिसमा देखिएको मनोसामाजिक असर न्यूनीकरणमा मद्धत पुर्‍याउने मनोवैज्ञानिक थेरापीको रूपमा यो कार्यक्रम प्रत्येक नेपालीको घर-घरसम्मै पुग्ने गरी अनलाइन माध्यम रोजिएको गजुरेलले जानकारी दिए।

'यो बेला जोससँग जे विज्ञता छ उसले त्यही धर्म निर्वाह गर्ने हो। यस कार्यक्रममार्फत् महामारीबाट अन्योलग्रस्त र त्रसित मनहरूलाई हौसला र उत्प्रेरित गर्ने प्रयास गरेका हौं,' गजुरेलले भने। कार्यक्रममा कलाकारहरू यमन श्रेष्ठ, पशुपती शर्मा, चट्याङ मास्टर, शैलेन्द्र सिंखडा, लक्ष्मण गाम्नागे, सिताराम कट्टेल, कुञ्जना घिमिरे, धिरेन्द्र प्रेमर्षी, राजा राजेन्द्रको पनि प्रस्तुती रहनेछ।

त्यसैगरी, यो वर्षको गाईजात्रा विशेष कार्यक्रममा पहिलो कमेडी च्याम्पियन हिमेश पन्त, दले दाई, खबपु, मेक्सम गौडेल, सुमन कार्की लगायतका प्रस्तुती पनि हेर्न सकिनेछ। साथमा सुरेन्द्र केसी, जोगिन्दर पानवाला, सुबोध गौतम, सुमन कार्की, दीपक आचार्य 'काकु', रवी डंगोल, पूर्ण थापा, बबिता बानियाँ 'जेरी', सुनिता गौतम 'मुईया', न्देश लामिछाने 'बट्टारे', रूबिना अधिकारी, अर्जुन दहाल, भरतमणी पौडेल, टेक बहादुर कोईराला, कवयत्री रत्नावली शर्माले पनि प्रस्तुती दिनेछन्।

## गीतकार डा. उपाध्यायको 'छक्कै परें' सार्वजनिक




**काठमाडौं/मस–** गीत लेखेरै गिनिज अफ वर्ल्ड रेकर्डमा आफ्नो नाम लेखाइसकेका गीतकार डा. डिआर उपाध्यायले आफ्नो नयाँ गीत 'छक्कै परें'को भिडियो बुधबार दर्शकमाझ ल्याएका छन्। यो गीत बिष्णु भट्ट र बिना भट्टराईको स्वरमा रहेको छ। जसमा बिष्णु भट्टकै संगीत छ।

गीतकार उपाध्यायले यसपटक आफ्नो यो गीतको भिडियोमा निकै मेहनत गराएका छन्। गीत लेखेर नै गिनिज अफ वर्ल्ड सहित विश्वका १५ वटा विश्व रेकर्ड बनाएका उपाध्ययको बिगतको गीतको भिडियो भन्दा यो भिडियो केही पृथक बनेको छ।

गीतको भिडियोमा कार्टुन ऋुका जोडी सरोज अधिकारी र आश्मा विश्वकर्माको आकर्षक नृत्य छ। डान्सिङ जनराको यो गीतमा यी दुई जोडीले विभिन्न नृत्य कलाकारका साथ उर्जायुक्त डान्स प्रस्तुत गरेका छन्। ठेट नेपाली शब्दहरुको प्रयोग गरिएको गीत रोमाञ्चक बनेको छ।

यो भिडियोलाई माईकल स्टेप अप एन्ड आर्टस् एकेडेमीका सञ्चालक कोरियोग्राफर माईकल चन्दले निर्देशन गरेका छन्। उनले गीतमा सरोज र आस्मालाई नृत्यको फरक फरक स्टेपमा प्रस्तुत गरेका छन्। उत्सब दाहालले खिचेको यो भिडियोमा सिलन लम्सालको सम्पादन छ। यो गीतको भिडियोलाई डिआर म्युजिक एन्ड क्रियसनको युट्युव च्यानलबाट रिलिज गरिएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि पन्ध्र (१५) दिने सूचना

(प्रकाशन मिति :- २०७७/०४/१६)

यस संस्थाको नाममा गैर बैंकिङ्ग सम्पत्तिका रुपमा दर्ता रहेको तपसिल बमोजिमका सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत् बिक्री गरिन लागिएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र यस बैंकको प्रधान कार्यालय नारायणहिटी पथ काठमाडौंमा शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। उक्त बोलपत्र यो सूचना प्रकाशित भएको सोह्र (१६) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, काठमाडौंमा दिनको ४:०० बजे खोलिनेछ। बोलपत्र बुझाउने अन्तिम दिन वा खोल्ने दिन बिदा पर्न गएमा वा काबुभन्दा बाहिरको परिस्थिति परेमा सो को भोलि पल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ।

**बैंकको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्तिको विवरण :**
काठमाडौं जिल्ला, सुन्टोल वडा नं. ८ढ स्थित कि.नं. ९६ को क्षे.फ. १-०-०-० (रोपनी) भएको जग्गा तथा सो जग्गामा भएको सम्पूर्ण लिगलगापात समेत।

**शिलबन्दी सम्बन्धि शर्त बन्देजहरु :**
१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफुले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. प्राप्त गोप्य शिलबन्दी पेश गर्नेहरु मध्ये सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति/संस्थालाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. गोप्य शिलबन्दी मार्फत गैर बैंकिङ्ग सम्पत्ति सकार गर्ने व्यक्ति/संस्थाले बाँकी रकम बैंकले रकम भुक्तानी गर्न माग गरेको मितिले ७ दिनभित्र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. गैर बैंकिङ्ग सम्पत्तिका रुपमा रहेको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. गोप्य शिलबन्दी खोल्न तोकिएको दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी खोलिनेछ।
६. उक्त गैर बैंकिङ्ग सम्पत्ति दा.खा. रजिष्ट्रेसन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
७. बिक्री हुने गैर बैंकिङ्ग सम्पत्तिहरुसँग सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय, नारायणहिटी पथ कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**गोप्य शिलबन्दी खोल्ने मिति : २०७७/०४/३२ गते आइतबार।**
**समय : दिनको ४:०० बजे।**
**स्थान : सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, प्रधान कार्यालय, नारायणहिटी पथ, काठमाडौं।**

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४४२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA

# भदौ १ गतेदेखि क्रिकेटको प्रशिक्षण

मुक्ति रेग्मी/मध्यान्ह
काठमाडौं, १५ साउन




कोरोना भाइरसको महामारीका कारण १३८ दिनपछि विहीबार एक दिवसीय क्रिकेट शुरु भएको छ। इंग्ल्याण्ड र आयरल्याण्डको एक दिवसीय सिरिजसँगै कोरोनाकै महमारीका बीचमा बन्द स्टेडियममा एक दिवसीय शुरु भएको हो। टेस्ट क्रिकेट भने यसअघि नै शुरु भइसकेको छ। र एउटा सिरिज पनि सकिएको छ। एक दिवसीय क्रिकेटका लागि अहिले अरु टिमले तयारी पनि शुरु गरिसकेका छन्।

यस्तोमा चैत ११ गतेदेखि भएको लकडाउन हटेसँगै नेपाली खेलाडीहरु पनि क्रमश अभ्यासमा फर्कन थालेका छन्। केही खेलका खेलाडीहरुले अभ्यास शुरु गरिसके पनि क्रिकेटको अभ्यास भने भदौ १ गतेदेखि औपचारिक रुपमा शुरु गर्ने नेपाल क्रिकेट संघ क्यानले जनाएको छ। अहिले पनि क्रिकेट खेलाडीहरुले कीर्तिपुर मैदानमा पुगेर आफू अनुकुल अभ्यासलाई भने निरन्तरता दिए पनि क्यानले औपचारिकरुपमा क्याम्पमा बोलाउन लागेको हो।

भदौ एक गतेबाट प्रशिक्षण शुरु गर्ने गरि क्यानले तयारी गरिरहेको कोषाध्यक्ष रोशन सिंहले जानकारी दिए।

'बुधबार दिउँसो क्यानका केहि पदाधिकारी कीर्तिपुर क्रिकेट मैदानमा पुगेर राष्ट्रिय टिमको क्याम्प सुरु गर्नका लागि संभावित चुनौतीका विषयमा कुरा भएको थियो। जसमा खेलाडीको पीसीआर परिक्षण, मैदानको तयारी र पिच खेल्न योग्य बन्छ की बन्दैन गरेर छलफल भएको थियो। यसका साथै खेलाडीको क्वारेन्टिनको व्यवस्थाको कुरा पनि क्यानले छलफलमा राखेको छ।' कोषाध्यक्ष सिंहले भने।

केहि दिन अगाडी क्यानको बैठकले कीर्तिपुरमा नै आफ्नो कार्यालय खोल्ने बताएको थियो। जसले गर्दा खेलाडीलाई पनि प्रशिक्षणका बेला सजिलो हुने, मुलपानी टाढा भएकाले कीर्तिपुर नै उचित हुने ठहर गरेको थियो।

यस्तैमा खेलाडीलाई क्वारेन्टिनमा राख्नका लागि कीर्तिपुर मैदानमा नै तत्कालका लागि अस्थाई होस्टेलको तयारीको काम क्यानले सुरु गर्दैछ। त्यो कहिले सकिन्छ, त्यसमा पनि भर पर्नेछ।

जसमा क्यानले यदि सबै कुरा समयमा नै तयार भएमा भदौको एक गतेबाट राष्ट्रिय टिमको तयारी सुरु गर्ने योजना बनाएको छ। अहिले खेलाडी आफ्नो तरिकाले कीर्तिपुर मैदानमा प्रशिक्षण गरिरहेका छन। तर उनीहरुलाई रेखदेखका लागि नेपाल क्रिकेट संघ क्यानले फिजियो विक्रम न्यौपानेलाई जिम्मा दिएको छ।

यस्तैमा स्वास्थ्य मन्त्रालयले क्रिकेट खेलाडीको पीसीआर परिक्षणका लागि स्विकृती दिएको छ। क्यानका पदाधिकारीले छुम्बी लामा, दुर्गाराज पाठक र रोशनकुमार सिंहले स्वास्थ्य मन्त्रालयमा पीसीआरका लागि पहल गरेका थिए।

क्यानको त्यो पहलमा साउनको अन्तिममा खेलाडीको पीसीआर गरिने बताइएको छ। यसका साथै मैदानमा खटिरहेका कामदारको पनि पीसीआर हुनेछ। नेपालले खेल्ने अन्तराष्ट्रिय प्रतियोगिताहरु तत्काल नभएपनि स्कटल्याण्ड र नामिवियासँगको त्रिकोणात्मक सिरीजका लागि आइसीसीले नयाँ मिति तोक्ने तयारी गरेको छ। त्यसैले पनि क्यानले खेलाडीलाई सक्दो चाँडो प्रशिक्षणमा राख्ने तयारी गरेको हो। केहि समय अगाडीसम्म तत्काल कुनै प्रतियोगिता नभएको भन्दै क्यानले खेलाडीको प्रशिक्षण नगर्ने योजनामा थियो। तर आइसीसीले त्रिकोणात्मक सिरीजका लागि नयाँ मिति तय गर्न नेपाल क्रिकेट संघसहित नामिविया क्रिकेट बोर्ड र स्कटल्याण्ड क्रिकेट बोर्डसँग पत्राचार गरेको थियो। तीनै संघको सहमतिमा नयाँ मिति तोक्ने तयारी क्यानको रहेको छ।

टिमको प्रशिक्षणका बारेमा क्यानका सचिव अशोकनाथ प्याकुरेलले भदौ एक गतेबाट सरकारले नै प्रशिक्षण गर्न पाउने भनेपछि त्यसका आन्तरिक तयारीमा क्यान लागेको बताए। उनले खेलाडीलाई क्वारेन्टिनमा राख्नका लागि कीर्तिपुरमा नै होस्टेल बनाउने भनेपनि १० दिनमा तयार हुने अवस्था नभएको तर पनि सम्भाविकताका बिषयमा छलफल भइरहेको जानकारी दिए।

# सिपिएल खेल्न सन्दीप वेस्टइण्डिज प्रस्थान




काठमाडौं, मस- नेपाली क्रिकेट खेलाडी सन्दीप लामिछाने क्यारेबियन प्रिमियर लिग (सिपिएल) खेल्न विहीबार त्यसतर्फ प्रस्थान गरेका छन्।

कोरियन एयरको चार्टर्ड जहाजमा सन्दीप ट्रिनिडाड एन्ड टोबागोतर्फ प्रस्थान गरेका हुन्।

यसअघि हवाई उडानको यकिन नहुँदा उनी टोबागो जानेबारे अन्योल थियो। सरकार र अन्य विभिन्न निकायबाट सहयोग प्राप्त भएपछि सन्दीप टोबागो जान सहज भएको हो।

सिपिएल खेल्नका लागि सन्दीप साउन १७ गतेसम्म पुगिसक्नु पर्ने भएकाले उनी विहीबार त्यसतर्फ चार्टड उडान मार्फत त्यसतर्फ प्रस्थान गरेका हुन्। सरकारले अन्तर्राष्ट्रिय हवाई उडान आगामी भदौ १ गतेदेखि मात्र खोल्ने निर्णय गरेपछि सन्दीपलाई क्रिकेट खेल्नका लागि विदेश जान समस्या भएको थियो। सरकारले सहयोग गरेकै कारण सन्दीपको टोबागो यात्रा सहज भएको हो। उनले टोबागो पुगिसकेपछि १४ दिन क्वारेन्टिनमा बस्नु पर्नेछ।

सन्दीप यस यामको सिपिएलका लागि जमैका तल्लावाहजबाट अनुबन्धित भइसकेका छन्। उनलाई जमैकाले एक लाख ३० हजार अमेरिकी डलर (रु एक करोड ५६ लाख) मा अनुबन्ध गरेको हो। उनी उक्त टिमको मार्की खेलाडी पनि हुन्। सन्दीपले यसअघि पहिलो र दोस्रो संस्करणको सिपिएल खेलिसकेका छन्। सिपिएल आगामी भदौ २ देखि भदौ २५ गतेसम्म चल्नेछ। सिपिएलमा जमैकासँगै बार्बेडोस् ट्रिडेन्ट्स, ट्रिनबागो नाइट राइडर्स, गुएना अमेजन वारियर्स, सेन्ट लुसिया जौउक्स र सेन्ट किट्स एन्ड नेभिस प्याट्रिओट्सले प्रतिस्पर्धा गर्नेछन्।

सिपिएलमा कूल ३३ खेल हुनेछन्। कोरोना भाइरसका कारण ती सबै खेल बिनादर्शक खेलाइनेछन्। सन्दीप तेस्रोपटक सिपिएल खेल्ने तयारीमा छन्। उनले यसअघि सन् २०१८ मा पहिलोपटक सेन्ट किट्स एन्ड नेभिस पेट्रियट्सबाट खेलेका थिए। त्यसका लागि उनलाई पाँच हजार अमेरिकी डलर पारिश्रमिक दिइएको थियो। उनले सो प्रतियोगितामा पाँच खेलमा सात विकेट लिएका थिए।

यस्तै दोस्रोपटक सिपिएल सन्दीपले सन् २०१९ मा बार्बाडोस ट्राइडेन्ट्सबाट खेलेका थिए। उनले ६ खेलमा आठ विकेट लिएका थिए। सन्दीपले गत वर्ष ७० हजार अमेरिकी डलर पारिश्रमिक प्राप्त गरेका थिए। यस वर्षको सिपिएलका लागि १९ वर्षीय सन्दीपले आफ्नो अनुबन्धित मूल्य ९० हजार अमेरिकी डलर तोके पनि उनलाई एक लाख ३० हजार डलर दिने सम्झौता भएको छ।

# राखेपमा ६ जना सदस्य मनोनित





काठमाडौं, मस- राष्ट्रिय खेलकुद परिषद् राखेपमा ६ जना सदस्य मनोनित भएका छन्। खेलकुद विकास ऐन २०७७ अनुसार युवा तथा खेलकुदमन्त्री तथा परिषद्का अध्यक्ष जगतबहादुर सुनार (विश्वकर्मा)ले पूर्व सदस्य इन्दिरा निरौला सहित ६ जना नियुक्त गरेका हुन्। यसअघि सदस्य सचिव छनोट समितिमा सदस्य रहेका रिम रानाभाटलाई पनि राखेपको सदस्यमा मनोनयन गरिएको छ।

खेलकुद विकास ऐन २०७७ को दफा ३ को उपदफा २ (ठ) अनुसार खेलकुद विज्ञ, खेलकुद प्रशिक्षक, खेलकुद प्राविधिक वा एन्टी डोपिङ विज्ञको कोटाबाट रानाभाट र निरौलालाई मनोनित गरिएको हो। यसैगरी सम्बन्धित खेलसंघको सिफारिसमा अर्जुन केसी, सुवास श्रेष्ठ र सम्पन्न श्रेष्ठ मनोनित भएका छन्। त्यस्तै सोही उपदफाको (त) बमोजिम परम्परागत, साहासिक तथा पर्यटकिय खेल क्षेत्रबाट गोविन्द प्रसाद भट्टराईलाई सदस्य पदमा मनोनित गरिएको युवा तथा खेलकुद मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

सोमबार मन्त्रिपरिषद्ले राखेपको उपाध्यक्ष र सदस्य सचिव नियुक्त गरेको थियो। उनीहरुले बुधबार मात्रै पद तथा गोपनियताको सपथ लिएर पदभार पनि ग्रहण गरेका थिए। नयाँ खेलकुद ऐन अनुसार ३७ सदस्यीय रहने राखेपका पदाधिकारीमा अरु पदेन सदस्यहरुबाहेक बाँकी सदस्य पनि चाँडै मनोनित गरिने मन्त्री विश्वकर्माले जानकारी दिए।

# फिफा अध्यक्षविरुद्ध फौजदारी मुद्दा !



काठमाडौं, एजेन्सी- विश्व फुटबलको सर्वोच्च संस्था फिफाका अध्यक्ष जियानी इन्फान्टिनोलाई स्विटजरल्यान्डमा फौजदारी मुद्दा दर्ता भएको छ। स्विटजरल्यान्डका महन्यायधिवक्ता माइकल लौबेरबीच पछिल्लो समय शंकास्पद गतिविधि भएपछि छानविनका लागि खटाइएको विशेष टोलीले बिहीबार मुद्दा दायर गरेको हो।

गत साता आफ्नो पदबाट राजिनामा दिएका लौबेरले इन्फान्टिनोसँग गरेको भेटघाटबारे झुटो बोलेको थाहा भएपछि छानविन गरिएको थियो। विस्तृत छानविनका क्रममा लौबेरले आफू पदमा रहँदा फिफा र इन्फान्टिनोसँग सम्बन्धित रहेको मुद्दामा समेत काम गरिरहेको र भेटघाटबारे थाहा नदिएको कारण शंका उत्पन्न भएको थियो।

यसअघि लौबेर र इन्फान्टिनो दुवैलाई भेटघाटबारे प्रश्न गर्दा दुवैले उक्त कुरा नकारेका थिए। दुवैले आफूबाट कुनै गल्ति नभएको बताएका थिए।

# नेपाली काँग्रेसले स्वर्ण पदक विजेतालाई सम्मान गर्दै



काठमाडौं, मस- नेपाली काँग्रेसले १३ औं दक्षिण एशियाली खेलकुद सागमा स्वर्ण पदक जितेका खेलाडीहरुलाई शुक्रबार सम्मान गर्ने भएको छ। सागमा नेपालले ५१ स्वर्ण, ६० रजत र ९५ कास्यसहित २०७ पदक जितेको थियो। यसमा व्यक्तिगत र समूह गरि ५१ स्वर्ण पदक रहे पनि काँग्रेसले सम्मान गर्ने स्वर्ण पदक जित्ने खेलाडीको संख्या भने ८० रहेको छ।

हालै काँग्रेसले मोहन बस्नेतको संयोजकत्वमा गठन गरेको खेलकुद विभागले पहिलो चरणमा स्वर्ण पदक जितेका खेलाडीलाई नगदसहित सम्मान गर्ने निर्णय गरेको थियो।

सोही निर्णय अनुसार शुक्रबार पार्टी कार्यालय सानेपामा विशेष कार्यक्रमका साथ सम्मान गर्ने विभागका सचिव मिनकृष्ण महर्जनले जानकारी दिए।

उनले सभापति शेरबहादुर देउवाले खेलाडीहरुलाई सम्मान गर्ने पनि जानकारी दिए। 'पहिला व्यक्तिगत इभेन्टमा स्वर्ण विजेतलाई मात्रै सम्मान गर्ने बताइए पनि अब भने समूहमा स्वर्ण जित्नेलाई पनि सम्मान गर्ने निर्णय भएको छ।' सचिव महर्जनले भने।

काँग्रेसले एक मात्र स्वर्ण जित्नेलाई १० हजार, दोहोरो स्वर्ण जित्नेलाई १५ हजार तेहेरो स्वर्ण जित्नेलाई २० हजार र चार वटा स्वर्ण जित्नेलाई २५ हजार प्रदान गरिने छ। समूहमा स्वर्ण जित्ने फुटबलका पनि सबै खेलाडी (२३ जना) लाई जनही १० हजारका दरले सम्मान गर्ने पनि सचिव महर्जनले बताए।

नेपालले व्यक्तिगत र समूहगत गरि १३ वटा खेलमा स्वर्ण पदक जितेको थियो। नेपालले समूहगतरुपमा फुटबलले स्वर्ण पदक जितेको थियो भने कराते, तेक्वान्दो र गल्फमा व्यक्तिगत र समूहगत स्वर्ण पदक जितेको थियो।

यसैगरी उसु, पौडी, साइक्लिङ, बक्सिङ, एथ्लेटिक्स, जुडो, ट्रायाथलन, भारतोलन र कुस्तीमा व्यक्तिगत स्वर्णपदक जितेका थिए। समूह र व्यक्तिगत गरि ८० जना खेलाडी सम्मानित हुने छन्।

पौडीमा जितेको चार स्वर्ण गौरिका सिंहले व्यक्तिगतरुपमा जितेकी हुन्। उनले सर्वाधिक २५ हजार नगद पुरस्कार पाउने छिन्। यसैगरी करातेका मन्डेकाजी श्रेष्ठ, तेक्वान्दोकी आयशा शाक्य र गल्फका सुबास तामाङले सागमा दुई दुई स्वर्ण पदक जितेका थिए।

# अनलाइन स्विमिङ्ग लेभल वान कोर्स शनिबारबाट




काठमाडौं, मस- नेपाल ट्राईयाथलन संघको आयोजना तथा वर्ल्ड कोचेज एकेडेमीको सहयोगमा अनलाईन स्विमिङ्ग लेभल १ कोचिङ्ग कोर्स शनिबारबाट हुने भएको छ।

श्रावण १७ र १८ गते (अगष्ट १ र २) दुई दिन सम्म संचालन हुने अनलाईन कोर्समा पौडी सम्वन्धि प्राविधिक ज्ञान प्रदान गरिने छ। सिङ्गपुरका प्रशिक्षक युगिन लिले अनलाईन मार्फत प्रशिक्षण प्रदान गर्ने छन्। लि वर्ल्ड कोचेज एकेडेमीका संस्थापक निर्देशक पनि हुन्।

पौडी प्रशिक्षकहरुमा बैज्ञानिक प्रशिक्षण र पौडी सम्वन्धि प्राविधिक ज्ञानका कारण पौडी खेलाडीमा प्रभावकारी ज्ञान प्रदान गर्न मद्धत पुऱ्याउने कोर्सको उद्धेश्य रहेको छ। कोर्सले प्रशिक्षकहरुमा प्रशिक्षण सम्वन्धि उच्च ज्ञान प्रदान गर्नुका साथै प्रशिक्षको भूमिका र उत्तरदायित्व, प्रशिक्षण प्रणाली र खेल सम्वन्धि बिशेष ज्ञान प्रदान गर्नेछ। प्रशिक्षकहरुले प्राप्त गरेका यस प्रकारको ज्ञानले नयाँ खेलाडी उत्पादनमा ठुलो सहयोग पुग्नुका साथै भईरहेका खेलाडीहरुको स्तर बृद्धि गर्न समेत ठुलो सहयोग पुग्ने संघको बिश्वास रहेको छ।

वर्ल्ड कोचेज एकेडेमीले चिन, हङ्कङ्ग, मलेसिया, ईन्डोनेसिया, सिंगापुर र भारतमा सफलतापूर्वक कोर्स संचालन गरिसकेको छ।

ट्राईयाथलन पौडी, साईक्लिङ्ग र दौडको मिश्रीत खेल हो। कोर्समा ट्राईयाथलन संग सम्वन्धित २५ प्रशिक्षकहरुले प्रशिक्षण लिने यसले पौडी र ट्राईयाथलन दुवै खेललाई मद्धत पुग्ने नेपाल ट्राईयाथलन संघका महासचिव युवराज सुनुवारले जानकारी गराएका छन्।

# मण्डेकाजी नगदसहित सम्मानित



काठमाडौं, मस- १३ औं दक्षिण एशियाली खेलकुद सागमा पदक विजेता सितोरियो कराते खेलाडी मण्डेकाजी श्रेष्ठ नगदसहित सम्मानित भएका छन्। गत मंसिरमा भएको १३ औं सागमा उनले दुई वटा स्वर्ण पदक जितेका थिए। श्रेण्ठलाई राष्ट्रिय युवा संघ, नेपाल का नेता रमेश आचार्य, धादिङ जिल्ला फुटवल संघका अध्यक्ष दिपक खतिवडाको समन्वय र कर्मा कन्स्ट्रक्सन का प्रोपाइटर , गुडविल बिलदर्सका सिइओ कराँते खेलका पुर्व राष्ट्रिय खेलाडी रबि महर्जन को व्यवस्थापनमा नगद ५ लाख रुपैयाँ सहित सम्मान गरिएको हो। ललितपुरस्थित होटल भिभान्तामा एक अनौपचारिक कार्यक्रममा विहीबार हस्तान्तरण गरिएको छ।

उक्त कार्यक्रममा गजुरियो कराँते का केन्द्रीय कोषाध्यक्ष एवम् मदन भण्डारी स्पोर्ट्स एकेडेमी धादिङका अध्यक्ष रमेश अधिकारी, नारायणी स्टीलका सिईओ रोशिद उनिथान र स्थानीय समाजसेवी युनश डंगोलको पनि सहभागीता रहेको थियो।

# ब्रेन्टफोर्ड प्ले अफको फाइनलमा



काठमाडौं, एजेन्सी- स्वान्सी सिटीलाई हराउँदै ब्रेन्टफोर्डले इंग्लिस फुटबलको शीर्ष श्रेणी प्रिमियरसिपमा उक्लिने संभावना बलियो पारेको छ। च्याम्पियनसिप प्ले अफअन्तर्गत वुधबार राति भएको सेमिफाईनल दोस्रो लेगको खेलमा ब्रेन्टफोर्ड ३-१ ले विजयी भयो।

पहिलो लेगमा स्वान्सी सिटीसँग भोगेको १-० को हार उल्टाउदै ब्रेन्टफोर्ड समग्रमा ३-२ को जित निकाल्दै प्ले अफको फाईनलमा पुगेको हो। प्ले अफको फाइनलमा अब ब्रेन्टफोर्डले फुल्हम र कार्डिफ सिटीबीचको दोस्रो सेमिफाईनल खेल विजेतासँग प्रतिस्पर्धा गर्नेछ। पहिलो लेगमा फुल्हमले कार्डिफ सिटीमाथि २-० को अग्रता लिएको छ। च्याम्पियनसिपको प्ले अफ फाइनल खेलमा विजेता हुने टोली प्रिमियर डिभिजनमा बढुवा हुनेछ। यो सिजनको च्याम्पियनसिपबाट लिड्स युनाईटेड र बेष्ट ब्रोमविच आल्बियोन प्रिमियर डिभिजनमा उक्लिसकेका छन्। बढुवा हुने तेस्रो टोलीका लागि च्याम्पियनसिपका तेस्रोदेखि छैटो स्थानसम्मका चार टोलीचिब प्ले-अफभईरहेको छ।

# ४ महिनापछि खुल्यो पर्यटन क्षेत्र

## साना मझौला होटल खुल्दा तारे होटलले १० प्रतिशत सेवा संचालन गरे

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ साउन



कोरोना भाइरस (कोभिड-१९) का कारण चार महिनायता बन्द पर्यटन व्यवसाय बिहीबारदेखि प्रारम्भिक चरणमा खुलेका छन् । तत्काल अन्तराष्ट्रिय पर्यटक भ्रमणमा नआउने देखिएपनि बिहीबारदेखि देशभरका होटल सञ्चालनमा आएका छन् । साउन ५ को मन्त्रिपरिषद निर्णयले यही साउन १५ देखि पर्यटन, ट्रेकिङ, ट्राभल तथा पर्वतारोहण खुला गर्ने निर्णय गरेसँगै लकडाउन (बन्दाबन्दी)बाट निकै प्रभावित बनेका होटलहरु सुरक्षा मापदण्ड अपनाएर सञ्चालनमा आएका हुन ।

सरकारले साउन १५ गतेदेखि होटल तथा रेस्टुरेन्ट सञ्चालनको अनुमति दिएपछि नेपालको होटल खुला छ भन्ने सन्देश दिने उद्देश्यसहित होटल सञ्चालन गरिएको एसोसिएसन अफ नेपाल (हान)ले जनाएको छ । बिहीबारदेखि होटल तथा रेस्टुरेन्ट सञ्चालन भए पनि तारे होटलले भने १० प्रतिशत मात्र सेवा सञ्चालन गरेका छन् । होटल सञ्चालनमा ठूलो खर्च लाग्ने तर त्यस अनुसार ग्राहकको सम्भावना नभएकाले सबै सेवा दिएर सञ्चालनमा ल्याउन समस्या हुने भन्दै तारे होटलका व्यवसायीहरुले १० प्रतिशत मात्रै सेवा संचालन गरेको बताएका छन् । होटल एशोसिएसन नेपालका अनुसार मुलुकका होटल क्षेत्रमा मात्र करिब रु १६ खर्ब लगानी छ । यसमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सात लाखभन्दा बढी जनशक्तिले रोजगारी पाएका छन् । यसबाट करिब २५ प्रतिशत विदेशी मुद्रा आम्दानी हुने गरेको छ ।

कोभिड- १९ ले आर्थिक समृद्धिको आधार मानिने पर्यटन क्षेत्र नराम्ररी प्रभावित छ । प्रत्येक महिना यस क्षेत्रले कम्तीमा पनि रु एक अर्ब ८० करोड घाटा व्यहोर्दै आएको होटल एशोसिएसन नेपालको आँकलन छ । सरकारले होटल व्यवसाय सञ्चालन गर्न दिने निर्णय गरेसँगै यसका आवश्यक जनशक्तिलाई तालीम दिएर तयार पारिएको व्यवसायीले बताएका छन् । महामारीपछि व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने मापदण्ड होटल क्षेत्रले निर्माण गरिसकेको र सुरक्षित मापदण्ड अपनाउने सम्बन्धी जनशक्तिलाई त्यस मापदण्डअनुसारको तालीम दिएर तयारी अवस्थामा पुगेका छन् ।

तारे होटलहरु संचालनमा नआएपनि बिहीबारदेखि साना, मझौला तथा केही ठुला होटलहरुले भने आफ्नो सेवा संचालन गरेका हुन् । यसअघि गरेको सरकारी निर्णयअनुरुप होटल, रेष्टुरेन्टलगायत संचालनमा आएका हुन् ।

नेपाल राष्ट्र बैंकले समेत नेपालको पर्यटन क्षेत्रलाई सबैभन्दा बढी प्रभावित क्षेत्रको रुपमा लिएको छ । यससँगै प्रभावित भन्दै केही आम्दानीको बाटो खोल्नका लागि सरकारले नै होटल रेष्टुरेन्ट क्षेत्रलाई खुला गर्ने निर्णय गरेको थियो । यस्तै सरकारले नेपालको अर्थतन्त्रलाई चलायमान गर्नका लागि समेत केही पहिलेदेखि नै उद्योगधन्दाहरु खोलेको थियो । सोही अनुसार होटल रेष्टुरेन्ट पनि बिहीबारदेखि संचालनमा ल्याईएको हो ।

# साउन २१ गतेका लागि बोलाईयो उद्योग वाणिज्य महासंघको कार्यसमिति बैठक




**काठमाडौं/मस**–नेपाल उद्योग वाणिज्य महासंघले यहि साउन २१ गतेका लागि कार्यसमिति बैठक बोलाएको छ । महासंघको यहि २६ र २७ गते हुने भनिएको ५४ औं वार्षिक साधारणसभा तथा निर्वाचन स्थगित भएपछि वरिष्ठ उपाध्यक्षका अर्का उम्मेदवार चन्द्रप्रसाद ढकाल पक्षले ७ दिनभित्र कार्यसमिति बैठक बोलाउन माग गर्दै २२ जना सदस्यको हस्ताक्षर सहित निवेदन दर्ता गराएका थिए । महासंघको यहि साउन २६ र २७ गते हुने निर्वाचन अध्यक्ष भवानी राणा, निवर्तमान अध्यक्ष पशुपति मुरारका लगायतले पदाधिकारीको बहुमतले पूर्व अध्यक्षहरुको सल्लाह अनुरुप भन्दै विधान विपरित स्थगित गर्ने निर्णय गरेपछि ढकाल पक्ष आक्रोशित भएका थिए । महासंघले साउन २१ गते बैठकका लागि पनि महासंघको ५४ औं साधारणसभा सम्बन्धमा भन्दै एक बुँदे एजेण्डा राखेर पत्र आएको एक कार्यसमिति सदस्यले जानकारी दिए । अध्यक्ष राणा ९ बर्षसम्म सभापति भएको महासंघ अन्तरगतको कृषि उद्यम केन्द्रमा चरम भ्रष्टाचार भएको उजुरी परेपछि अख्तियारले छानविन प्रक्रिया अघि बढाएको थियो । तर छानविनका क्रममा खर्चको विल भौचर तथा खर्च गरेको कुनै आधार नभेटिएपछि पुनः थप कागजात उपलब्ध गराउन कृषि उद्यम केन्द्रलाई अख्तियारले ताकेता गरेको छ ।

# निगमको यूएन शान्ति मिसनमा दोस्रो चरणको चार्टर्ड उडान




**काठमाडौं/मस**– नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) ले संयुक्त राष्ट्र सङ्घ (यूएन) शान्ति मिसनका लागि दोस्रो चरणको चार्टर्ड उडान गरेको छ । निगमले यूएन शान्ति मिसन र नेपाली सेनाको सहकार्यमा अफ्रिकी मुलुक दक्षिण सुडानस्थित जुबाका लागि २३८ नेपाली सैनिक लगेको थियो ।

निगमको वाइड बडी ए ३३० जहाजले ओमनको मस्कट हुँदै जुबा उडान गरेको हो । जुबाटबाट बन्दाबन्दीले रोकिएका नेपाली सेनाका २५० अधिकारी बुधबार राति काठमाडौं फर्किएको निगमले जनाएको छ । निगमले यसअघि गत असार २४ गते शान्ति मिसनमा खटिने नेपाली सैनिकलाई लैजान अफ्रिकन रिपब्लिक र मालीमा चार्टर्ड उडान गरेको थियो ।

बिहीबार अन्तर्राष्ट्रियतर्फ छ उडान हुँदैछन् । दक्षिण कोरियाबाट कोरियन एयरले काठमाडौँमा चार्टर्ड उडान गर्नेछ भने हङकङबाट क्याथे ड्रागन र इनचानबाट एशियन एयरको जहाज काठमाडौं आउनेछ । बिहीबारै हिमालय एयरलाइन्सको जहाज कुनमिङमा एक र कुवेतमा दुई उडान हुने विमानस्थल कार्यालयले जनाएको छ ।

नेपाल एयरलाइन्सले भारतको बैङ्लोरबाट नेपाली विद्यार्थीको उद्धार उडान गरी काठमाडौँ ल्याएको छ । उक्त उडान भारतबाट गरिएको पहिलो उद्धार उडान रहेको निगमले विज्ञप्तिमार्फत जनाएको छ । बैङ्लोर र वरिपरिका क्षेत्रमा रहेका ८० नेपाली विद्यार्थीलाई उद्धार गरी स्वदेश फिर्ता गरिएको निगमले जनाएको छ ।

# बीमा समिति हटाई बीमा प्राधिकरण बनाउने विधेयकमाथि अर्थसमितिमा छलफल




**काठमाडौं/मस**– बीमासम्बन्धी कानूनलाई व्यवस्थित गर्न प्रतिनिधिसभाको अर्थ समितिका सदस्यहरू हाल पनि सक्रिय रहेका छन् । कोभिड-१९ को जोखिमका बीच भौतिक दूरी कायम राखेर समितिले दफावार छलफल चलाइरहेको छ। 'बीमा समिति'लाई हटाएर 'बीमा प्राधिकरण' बनाउने योजनाका साथ संसद्मा दर्ता भएको विधेयकमाथि सांसदहरूले सरोकारवालालाई समेत बोलाएर राय व्यक्त गरिरहेका छन् ।

बीमा व्यवसायलाई चुस्त, प्रतिस्पर्धी, नियमन र सुपरीवेक्षणको व्यवस्थालाई आधुनिकीकरण र वैज्ञानिक बनाउन बीमासम्बन्धी कानूनको विधेयक संसद्मा दर्ता भएको हो । 'बीमासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५' मा बीमा समितिलाई खारेज गरेर बीमा प्राधिकरणको प्रस्ताव गरिएको छ। प्राधिकरणलाई नियन्त्रणमा नराखी स्वायत्त पार्ने कुरामा सांसदहरूको जोड छ। परिच्छेद-२ को दफा ३ मा प्राधिकरणको स्थापनाको व्यवस्था गरिएको छ र यो नियमनकारी निकाय हुनेछ ।

प्रस्तावित विधेयकमा प्राधिकरणले काम गर्दा कतिपय प्रावधानमाथि सांसदहरूले फरक मत राखेका छन् । पूर्वप्रधानमन्त्री तथा अर्थमन्त्री डा बाबुराम भट्टराई प्राधिकरणलाई स्वायत्त नै बनाउनुपर्नेमा जोड दिनुहुन्छ। हाल बीमा ऐन, २०४९ कार्यान्वयनमा छ। त्यसलाई समयानुकूल बनाउन आवश्यक भएकाले विधेयक ल्याइएको छ। यसको मुख्य उद्देश्य संस्थागत सुशासन र जोखिम व्यवस्थापन नै हो । बीमा क्षेत्रको नियामक निकायलाई प्रभावकारी बनाउन पनि बीमासम्बन्धी कानूनलाई संशोधन गर्नु जरुरी छ।

विधेयकको परिच्छेद-२ को दफा ५ मा प्राधिकरण नेपाल सरकारको सल्लाहकारका रूपमा काम गर्ने गरी प्रस्ताव गरिएको छ। बीमा कम्पनीहरू स्थापनाको स्वीकृति, नवीकरण, खारेजी, नियमन र सुपरीवेक्षणको काम प्राधिकरणको हुनेछ । डा भट्टराई अहिको आवश्यकतानुसारको विधि व्यवस्थापन गर्न प्राधिकरण ल्याउन खोज्नु महत्वपूर्ण भएको बताउँछन् । यद्यपि दफा ५ मा सरकारको सल्लाहकार मात्रै बनाइएकाले त्यसलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा उनको जोड छ । उनले दफा ७ को २ मा सञ्चालक समिति अध्यक्ष तथा सदस्य नियुक्तिमा खुला प्रतिस्पर्धाको व्यवस्था गर्न सके थप क्षमतावान व्यक्ति आउनेतर्फ समितिको ध्यानाकर्षण गराए ।

हिजोको सार्वजनिक संस्थानको नियुक्त, गठन, अधिकार र कर्तव्यको विषयमा केही सुधार भए पनि गुणात्मक परिवर्तन हुन नसकेकोतर्फ जोड दिँदै सांसदहरूले कानून बनाउँदै गरेको अवस्थामा विशेष ध्यान राख्नुपर्ने बताएका छन् । अर्थमन्त्री डा युवराज खतिवडाबाट विसं २०७५ असारमा प्रतिनिधिसभामा प्रस्तुत भएको उक्त विधेयक दर्ता भएको बिहीबार दुई वर्ष बितिसकेको छ । यसको प्रस्तावनामा नै बीमा प्रणाली वा व्यवसायलाई व्यवस्थित, नियमित र प्रतिस्पर्धी बनाई गुणस्तरीय बीमा सेवा उपलब्ध गराउने उल्लेख छ ।

पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले बीमा क्षेत्रमा धेरै बदमासी भएका र कतिपय अवस्थामा आफैँले सङ्कट उत्पन्न गराएको अवस्था रहेकाले नियमनको व्यवस्थालाई ठोसरूपमा राख्नुपर्ने अर्थ समितिको दफावार छलफलका क्रममा सुझाव प्रस्तुत गरे । कतिपय क्षेत्रलाई नसमेटेको भन्ने प्रश्नमा अर्थसचिव शिशिर कुमार ढुङ्गानाले स्वास्थ्यसम्बन्धीको विषय सम्बोधनका लागि आवश्यक तयारी गरिसकेको जानकारी दिए । सांसदहरूले उठाएको विषयलाई समेटेर ल्याउने प्रतिबद्धता जनाउँदै उनले स्वास्थ्य बीमाको 'मोडालिटी'समेत तयार भइसकेको जानकारी दिए ।

# उद्योगमन्त्री भट्टलाई ज्यानमार्ने धम्की



**काठमाडौं/मस**–उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) पास भए ज्यान मार्छु भन्दै आफूलाई धम्की आएको बताएका छन् ।

बिहीबार प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा भट्टले बझाङबाट एक युवाले फोन गरेर एमसीसी सम्झौता पास गरे टाउको काटिदिन्छु भन्दै आफूलाई धम्की दिएको बताए ।

'एमसीसीलाई लिएर मलाई बझाङबाट फोन गरेर मलाई धम्की आएको छ । बझाङबाट एक जना भाइले फोन गरेर भने एमसीसी पास गरे तेरो टाउको काटिन्छ,' भट्टले भने, 'मैले एमसीसी सम्झौता पढेर भन्या हो कि त्यत्तिकै भन्दैछौ भनेर सोध्दा एमसीसी पढ्ने काम मेरो होइन, पढ्ने जिम्मा तेरो हो भन्यो । भाषा यही थियो ।'

समितिको बैठकमा अरू सांसदले पनि एमसीसी पास गरे जे पनि हुन सक्ने भन्दै आफूहरुलाई धम्की आएको बताएका थिए । एमसीसी सम्झौता संसद्मा विचाराधिन अवस्थामा रहेको छ ।

नेपालले एमसीसीसँग सन् २०१७ सेप्टेम्बरमा करिब ५५ अर्ब रुपैयाँ अनुदानको परियोजना निर्माण गर्ने सम्झौता भएको थियो ।

# आकाशियो सुनको मूल्य तोलाकै ९९ हजार पुग्यो



**काठमाडौं/मस**– कोभिड-१९ को महामारीका कारण अन्तर्राष्ट्रिय बजारमा अस्थिर रहेको सुनचाँदीको मूल्य स्थानीय बजारमा बिहीबार पनि रूपमा बढेको छ ।

बुधबार प्रतितोला रु ९८ हजार ५०० मा कारोवार भएको पहेँलो धातुमा बिहीबार रु ५०० ले वृद्धि भएको छ । बिहीबार बजार खुल्नेबित्तिकै छापावाल सुनको मूल्य प्रतितोला रु ९९ हजार कायम भएको छ भने सोही परिमाणको तेजाबी सुनको मूल्य रु ९८ हजार ५६० निर्धारण गरिएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधबारको तुलनामा बिहीबार चाँदीको मूल्य रु २० ले घटेको छ। एकतोला सेतो धातुको मूल्य बिहीबार रु एक हजार २२५ निर्धारण भएको छ। कोभिड-१९ को सङ्क्रमण रोक्न बन्दाबन्दी लागू गरिएयता जेठ २५ गते एक तोला सुनको मूल्य १० हजार ४०० ले बढेर रु ८७ हजार पुगेको थियो । त्यसयता सुनको मूल्य निरन्तर उकालो लागिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा बिहीबार सुन प्रतिऔंस १९६२.१५ डलर कायम भएको छ । गत आइतबार सोही परिमाणको सुन १९०१.६० मा कारोवार भएको थियो ।

# १ रुपैयाँमा धेरै सामान किन्नपाईनेगरी सेलपेको एनिभर्सरी अफर सार्वजनिक

**काठमाडौं/मस**–नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक सेलकम प्रालिको सेलपे सेवाले आफ्ना ग्राहकहरुको साथ वार्षिकोत्सवलाई संस्मरणीय बनाउन एनीभर्सरी अफर लिएर आएको छ। यस अफर अन्तर्गत ग्राहकहरुले सेलपेबाट पहिलो मर्चेन्ट पेमेन्ट गर्दा ५० प्रतिशत (अधिक्तम रु. १०००) सम्म क्यासब्याक पाउनेछन् । यो अफरको लाभ लिनको लागि चाडै नै आफ्नो मोबाईलमा सेलपे एप्प डाउनलोड गरी आफ्नो बैंक खाता लिंक गर्नुहोस् ।

यसका साथै सेलपेका ५ जना भाग्यशाली ग्राहकहरुले सेल्सबेरी डिपार्टमेन्ट स्टोरमा १०० सेकेण्डभित्र




१ रुपैयामा असीमित ग्रोसरी सामानहरु किनमेल गर्ने मौका पाउनेछन्। सेलपेको वार्षिकोत्सवको अवसरमा ग्राहकहरुको माझ खुशी बाड्नको लागि यस अफरको सुरुवात गरिएको हो ।

सेलपे सेवा मोबाइल तथा वेब एप्लीकेशन दुवै माध्यमबाट उपयोग गर्न सकिने अत्यन्त द्रुत, सरल तथा सुरक्षित सेवा हो । सेलपेका माध्यमबाट बास्तविक समयमा भुक्तानी ,बिना वालेट कारोबार गर्न सकिने ,सरल एवं सुरक्षित ,लोयाल्टी पोइन्ट्स पाईने प्रकार रहेको छ । सेलपेद्धारा विभिन्न दुरसंचार सेवा, विजुली, खानेपानी, टिभी, ईण्टर नेटको महशुल भुक्तानी, विभिन्न पसल, रेष्टुरेण्टमा भुक्तानी, एक बैंक खाताबाट अन्य बैंक खातामा रकम स्थानान्तरण, स्वदेशभित्र गरिने मनी ट्रान्सफर, बिमा रकम भुक्तानी, कोविड-१९ को बिमा रकम भुक्तानी तथा शेयर कारोबार आदि वास्तविक समयमा गर्न सकिन्छ ।

# एसबीआई बैंक र चिरायु अस्पतालबीच सम्झौता



**काठमाडौं/मस**– नेपाल एसबीआई बैंक र चिरायु नेसनल अस्पतालबीच सम्झौता भएको छ। बिहीबार नेपाल एसबीआई बैंकका सम्पुर्ण भिसा डेबिट कार्डबाहक ग्राहकलाई लक्षित गरी चिरायु अस्पताको सेवामा १५ प्रतिशत सम्मको छुट प्रदान गर्ने सम्झौता भएको हो । उक्त सम्झौता अनुसार बैंकका ग्राहकहरुले परिचयपत्रसहित कार्ड प्रयोग गर्दा लिने निश्चित सुविधामा उक्त छुट प्राप्त गर्न सक्नेछन् । सम्झौतापत्रमा बैंकका प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत छपीराज पन्त र चिरायु अस्पतालका निर्देशक संजीव राजभण्डारीले हस्ताक्षर गरेका हुन् ।




प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**